# राष्ट्रिय विकास समस्या समाधान समितिको
# ५१औं बैठकको प्रतिवेदन



नेपाल सरकार

## राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

२०८०, भाद्र ११

# बिषय सूची


| सि.नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | बैठकको संक्षिप्त जानकारी | २ |
| ३. | राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकमा सहभागी हुनु भएका विभिन्न महानुभावहरुले राख्नु भएको मुख्य मुख्य विषयहरू | ३ |
| ४. | सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूले गर्नु भएको सम्बोधन तथा निर्देशन (२०८० भाद्र ११) | ११ |
| ५. | राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकका निर्णयहरू | १४ |

**अनुसूची -१**
राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकमा उपस्थित पदाधिकारी तथा आमन्त्रित सहभागीहरूको नामावली १६

**अनुसूची - २**
आयोगका माननीय उपाध्यक्षज्यूबाट राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकमा गर्नु भएको प्रस्तुतीकरणको पूर्ण विवरण (पावरप्वाईन्ट स्लाइड) २२

**अनुसूची - ३**
राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ देखि ५० औ बैंठकबाट भएका निर्णयको कार्यान्वयन अवस्था सम्बन्धी तालिका २३

## १. पृष्ठभूमि:

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रको रुपमा राष्ट्रिय विकास समस्या समाधान समिति (रा.वि.स.स.स.) रहेको छ। यस समितिले विकासका नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा देखिएका समस्याहरू उपर छलफल गरी नीतिगत निर्णय लिनका लागि राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ मा व्यवस्था भए अनुरुप नेपाल सरकारका मन्त्रालयहरू अन्तर्गत सञ्चालित आयोजना/कार्यक्रमहरूको कार्यान्वयन प्रगतिको समीक्षा, मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका समस्याहरुको समाधानका लागि उपयुक्त निर्णय लिने, आयोजना/कार्यक्रमहरूको कार्यान्वयन तहमा भएका अन्तर-मन्त्रालयगत, नीतिगत एवम् कानूनी विषयहरुमा देखिएका समस्याको समाधान गर्ने कार्य गर्दै आएको छ। साथै, प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका अन्तर प्रदेश प्रकृतिका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने वा निर्देशन दिने, आयोजना/कार्यक्रमहरूको कार्यान्वयनमा देखिएका समस्याहरूको अध्ययन तथा मूल्यांकन गर्ने/गराउने, संघ, प्रदेश र स्थानीय तहमा गरिने अनुगमन तथा मूल्यांकन कार्यको समन्वय गर्ने र सो सम्बन्धी आवश्यक निर्देशन दिने लगायतका कार्यहरू पनि यस समितिले गर्दै आएको छ।

रा.वि.स.स.स.को बैठक सञ्चालन हुनु अघि सम्बन्धित मन्त्रालय/निकायहरूबाट मन्त्रालयस्तर विकास समस्या समाधान समितिका बैठकहरू आयोजना गरी प्रगति समीक्षा सम्पन्न गरिएको थियो। यसै क्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा मिति २०८०/०५/२८ गते देखि ३० गते सम्म आ.व. २०७९/८० को वार्षिक समीक्षा गर्न राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठकहरू सम्पन्न गरिएको थियो। उक्त बैठकहरूमा सङ्घीय मन्त्रालयका तर्फबाट पेश भएका आयोजना कार्यक्रम, राष्ट्रिय विकास समस्या समाधान समितिको ४८, ४९ र ५० औं बैठकले लिएका विभिन्न मन्त्रालयसँग सम्बद्ध निर्णयहरूको कार्यान्वयन प्रगति स्थिति, विभिन्न मन्त्रालय वा अन्तर्गत सञ्चालित राष्ट्रिय गौरब तथा रूपान्तरणकारी आयोजनाहरूको आ.व.२०७९/८० को चौथो त्रैमासिक तथा वार्षिक (चौथो त्रैमासिकसम्मको) लक्ष्य सहितको भौतिक तथा वित्तीय प्रगति तथा समस्या र समाधानका उपायहरू, त्यस मन्त्रालय वा अन्तर्गत आ.व. २०७९/८० मा सञ्चालित पहिलो प्राथमिकता प्राप्त विकास आयोजना/कार्यक्रमहरूको चौथो त्रैमासिक तथा वार्षिक (चौथो त्रैमासिकसम्मको)लक्ष्य सहितको भौतिक प्रगति, ५०% भन्दा कम प्रगति भएका आयोजना/कार्यक्रमहरू भएमा कम प्रगति हुनुका कारण, कार्यान्वयनमा भएका समस्या तथा समाधानका लागि गरिएका प्रयासहरूको विवरण सम्बन्धमा छलफल भएको थियो।

विकास आयोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय विकास समस्या समाधान समितिले लिनुपर्ने अन्य नीतिगत निर्णयहरू, चालु १५ औं योजनाको नतिजा खाका बमोजिमको हालसम्मको प्रगति स्थिति, मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिबाट राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा निर्णयका लागि प्रस्तुत गर्नुपर्ने समस्याहरू, त्यसको समाधानका उपयुक्त विकल्पहरू सहितका प्रस्तावित विषयहरू प्रस्तुत हुनुका साथै सो उपर विस्तृत छलफल भएको थियो। यसै गरी मिति २०८०/०५/०७ गते माननीय उपाध्यक्षज्युको अध्यक्षतामा उक्त उपसमितिका पदेन सदस्य मन्त्रालय/निकायहरुसग राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्ताव गर्ने निर्णयहरुका सम्बन्धमा व्यापक छलफल भएको थियो। मिति २०८०/०५/०८ गते आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा प्रदेश प्रमुख सचिवहरू लगायत प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षज्यूहरुको उपस्थितिमा प्रदेशगत प्रस्तुतीकरण बैठक समेत सम्पन्न भई प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका विषयहरू उपर समेत छलफल भएको थियो।

## २. राष्ट्रिय विकास समस्या समाधान समिति बैठकको संक्षिप्त जानकारी:

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा आर्थिक वर्ष २०७९/८० मा सञ्चालित विकास आयोजना र कार्यक्रमहरूको वार्षिक प्रगति समीक्षा सहित आयोजना कार्यक्रमहरू सञ्चालनमा देखिएका समस्याहरूको समाधानका विकल्पहरूमा छलफल गरी निर्देशन समेत प्रदान गर्न राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठक मिति २०८० भाद्र ११ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हर्क गुरुङ सभा हलमा सम्पन्न भएको थियो। उक्त बैठकमा नेपाल सरकारका माननीय उप-प्रधानममन्त्रीहरु, माननीय मन्त्रीहरू, प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरू, नेपाल सरकारका माननीय राज्यमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, नेपाल सरकारका मुख्य सचिव, राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरु, राष्ट्रिय योजना आयोगका सदस्य सचिव, राष्ट्रिय सुरक्षा सल्लाहकार, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अध्यक्ष, महान्यायाधिवक्ता, प्रधानसेनापति, नेपाल राष्ट्र बैंकका गभर्नर, नेपाल नगरपालिका संघका अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष, सम्माननीय प्रधानमन्त्रीज्यूका सचिवालयका पदाधिकारीहरु, कार्यबाहक महालेखापरीक्षक, प्रादेशिक नीति तथा योजना आयोगका उपाध्यक्षहरु, नेपाल सरकारका सचिवहरू, प्रदेश सरकारका प्रमुख सचिवहरू लगायत अन्य आमन्त्रित सहभागीहरूको उपस्थिति रहेको थियो। (उक्त बैठकमा उपस्थित पदाधिकारी तथा आमन्त्रित सहभागीहरूको नामावली अनुसूची-१ मा समावेश गरिएको छ।)

बैठकको शुरु राष्ट्रिय विकास समस्या समाधान समितिका सदस्य सचिव डा. तोयनारायण ज्ञवालीले बैठकमा स्वागत एंव कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भयो। आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठज्यूबाट समष्टिगत आर्थिक परिसूचकहरु, नेपाल सरकारको राजस्व तथा वैदेशिक सहायता परिचालनको अवस्था, नेपाल सरकारको बजेट खर्चको अवस्था, पन्ध्रौं योजनाको २०७९/८० सम्मको प्रगति बिवरण, २०७९/८० मा मन्त्रालयगत खर्चको प्रगति स्थिति, आर्थिक वर्ष २०७९/८० मा प्रदेशगत प्रगति अवस्था, राष्ट्रिय गौरबका आयोजनाहरुको २०७९/८० को वार्षिक प्रगति, पहिलो प्राथमिकताप्राप्त कार्यक्रम/आयोजनाहरुको २०७९/८० को भौतिक प्रगति स्थिति, समितिको विगत ४८, ४९ र ५० बैठकका निर्णयहरुको कार्यान्वयन स्थिति, समितिको ५१औं बैठकमा छलफल र निर्णयका लागि पेश भएका समस्याहरू समावेश गरी प्रस्तुतीकरण गर्नुभयो। (माननीय उपाध्यक्षज्यूबाट राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकमा प्रस्तुत गर्नु भएको प्रस्तुतीकरणको पूर्ण विवरण (पावरप्वाईन्ट स्लाइड) अनुसूची-२ मा संलग्न गरिएको छ।)

सो प्रस्तुतीकरणमा राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ देखि ५० औ बैंठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्था सम्बन्धी स्तम्भ चार्ट समावेश गरिएको छ। सोको विस्तृत विवरण तालिका अनुसूची-३ मा समावेश गरिएको छ।

माननीय उपाध्यक्षज्यूको प्रस्तुतीकरण पश्चात् सम्माननीय प्रधानमन्त्रीज्यूले बैठक संचालनमा सहजीकरण गर्नु भएको थियो।

## ३. राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकमा सहभागी हुनु भएका विभिन्न महानुभावहरुले राख्नु भएको मुख्य मुख्य विषयहरू :

**(क) श्री लक्ष्मी देवी पाण्डे, अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघः**

५० औ बैठकमा भएका निर्णयहरुको समीक्षा हुनु पर्ने, पुँजिगत खर्चको स्थिति सन्तोषजनक नभएको, समानीकरण अनुदानमा भएको कटौतिले स्थानीय सरकारलाई अप्ठयारो परेको, ठेक्काको म्याद गुज्रिसके पछि म्याद थप गर्ने प्रणालीले संघ र प्रदेशका आयोजनामा प्रभाव परेको, अनुदानका योजनाहरू निर्णय भए अनुसार कार्यान्वयन नहुने, बजेट फ्रिज हुने र त्यसको बोझ स्थानीय सरकारको जिम्मेवारीमा पर्ने गरेको, कार्वन रोयल्टीको बिषय कार्यान्वयन हुनुपर्ने, रजिष्ट्रेशन, राजस्व बाँडफाँडको मुद्दा सम्बोधन हुनुपर्ने, कार्य विस्तृतीकरण प्रतिवेदन परिमार्जन लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो।

**(ख) श्री भिम प्रसाद ढुंङ्गाना, अध्यक्ष, नेपाल नगरपालिका संघः**

वित्तीय सामानीकरण अनुदानमा कटौति भएको २० % पैसा अन्तिम समयमा आएको, वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने संबैधानिक अधिकार भएको र सो को मात्रा कटौति हुन नहुने र सशर्त अनुदान घटाउनु पर्ने, ४०% वित्तीय समानीकरणको बजेट स्थानीय सरकारलाई दिनु पर्ने, सशर्तमा पठाउने हो भने आवश्यकताको आधारमा स्थानीय तहले नै निर्णय गर्न पाउने गरी पठाउनु पर्ने, बहुवर्षीय आयोजना सम्पन्न गरेपछि मात्र अरु योजनाहरू लागू गर्न पर्ने, घर बहाल कर स्थानीय तहको एकल अधिकार भित्र पर्ने भएकोले स्थानीय तहले पाउनु पर्ने, कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार कार्य गर्नु पर्ने, भूमी व्यवस्थापनमा ५०% स्थानीय सरकारलाई दिने गरी थप्नु पर्ने, विषयगत समितिमा स्थानीय तहको मुद्दा नउठेको लगायतका विषयमा आफ्नो धारणा राख्नु भयो।

**(ग) श्री दिपक गौतम, उप महासचिव, जिल्ला समन्वय समिति महासंघः**

लम्की स्किनको कारण गरिब किसानको चुल्हो निभेको विषय उठान भएता पनि प्रष्टसंग नआएको, स्थानीय तहको बेरुजुको विषयमा समपरिक्षण गर्ने कार्यमा जि.स.स.लाई पनि जोड्नु पर्ने, विपद व्यवस्थापनको जिम्मामा प्रमुख जिल्ला अधिकारी तथा पुन निर्माण पुनस्थापनको कुरामा जि.स.स.लाई जोड्ने लगतायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो।

**(घ) श्री सुशील भट्ट, लगानी बोर्डः**

पश्चिम सेती विकास आयोजनाको प्रभावकारी ढंगले सहजीकरण भएको, निजगढ विमानस्थलको सम्बन्धमा रा.यो.आ.को माननीय उपाध्यक्षज्यूको संयोजकत्वमा समिति गठन भएको, यसले चाँडै नै निजगढको परियोजनाको ढाँचा, लगानीको ढाँचा र भावी कार्ययोजना तय गर्ने सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो।

**(ङ) श्री महाप्रसाद अधिकारी, गभर्नर, नेपाल राष्ट्र बैङ्कः**

देशको समग्र/समष्टिगत आर्थिक अवस्था, आर्थिक वृद्धि लक्ष्य भन्दा कम रहेको, मुद्रास्फीति प्रक्षेपण भन्दा बढी भएको, मौद्रिक नीति लचिलो आएको, चालु पुंजी सम्बन्धी निर्देशिकामा लचिलो हुने गरी दोस्रो संसोधन गरिएको, बैकिंङ्ग क्षेत्रसंग गाँसिएको विषय राष्ट्र बैकले नियमन गरेको, यस सालको

राजश्व परिचालन र सार्वजनिक खर्चको व्यवस्थापन सम्बन्धमा सबै सरोकारवालाहरु चनाखो भएर लाग्नु पर्ने विषयमा आफ्नो प्रस्तुती राख्नु भएको थियो।

**(च) श्री बैकुण्ठ अर्याल, नेपाल सरकारका मुख्य सचिवः**

पहिलो प्रस्तावमा दूरसञ्चार र पूर्वाधार सम्बन्धी नियमावली तयार भएर अघिल्लो मन्त्रिपरिषद्मा पेश भएको तर पारित भएको छैन, हाल निस्कृय रहेको, थोरै परिमार्जन गरेर पुनः ल्याउन सकिन्छ, यसलाई समस्याको रुपमा लैजान आवश्यक नरहेको, तेस्रो प्रस्तावमा युटिलिटी Shifting सम्बन्धमा जति पनि पूर्वाधार निर्माण गर्नु पर्ने हो एकले अर्कालाई कसरी समन्वय गरेर जाने भन्ने अध्ययन प्रतिवेदन तयार भइसकेको छ, यसलाई रा.यो.आ. कै सम्पत्ति मानेर रा.यो.आ.ले प्रतिवेदन हेरेर त्यसलाई कार्यान्वयन गर्न उपयुक्त हुने, सातौं प्रस्ताव सम्बन्धमा अटिड र सम्परिक्षणको कुरा पटक पटक प्रधानमन्त्रीज्यूसंग छलफल गरिराखेको विषय भएको, प्रस्तावित निर्णय नं. ८ को तीन तहको जनशक्ति व्यवस्थापन सम्बन्धमा परिषद्को निर्णय अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (MOFAG) को नेतृत्वमा विभिन्न निकायहरु रहेको कार्यदल क्रियाशिल रहेकाले, दोहोरो नगर्दा उपयुक्त हुने, बरु देशको समग्र आर्थिक सामाजिक विकासका लागी आवश्यक पर्ने जनशक्तिको NPC को नेतृत्वमा Concrete Planning गरेर मानव पुँजिमा जान सकिने, यस वर्ष आयात, खर्च कम भएको र सोह्रो योजनाको तयारी पनि भइरहेको हुँदा यसलाई रा.यो.आ.ले गहन अध्ययन विश्लेषण गरेर बाटो पहिल्याउन आवश्यक रहेको विषय लगायतका विषयहरुमा आफनो धारणा राख्नु भएको थियो।

**(छ) माननीय बालानन्द पौडेल, अध्यक्ष, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगः**

५०औ NDAC बैठकबाट सशर्त अनुदान एकमुष्ट रुपमा पठाउने निर्णय भएको, तोकिएको शर्त अनुसार चल्न पर्ने र कार्यक्रमलाई प्राथमिकता तोक्ने र कार्यन्वयन गर्ने जिम्मा प्रदेश र स्थानीय सरकारलाई भएको हुँदा केन्द्रबाट तोकिएर गएको कार्यान्वयन गरे पुग्ने, संघ सरकारले बनाएको राष्ट्रिय मापदण्ड, राष्ट्रिय मानक अनुसार गर्न प्रोत्साहित गर्नु पर्ने, स्थानीय सरकारको एकल अधिकारको रुपमा रहेको घर बहाल कर स्थानीयले उठाउन पाउने (घर बहाल करमा अनुसूची ८ मा मात्र उल्लेख) भएको, Frequency को कुरा उठ्यो, जुन स्थानीयको एकल अधिकार होइन- आन्तरिक ऋण : पूँजीगत खर्चमा मात्र खपत गर्नुपर्ने, लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको

**(ज) माननीय डा. दिनमणी पोखरेल, महान्यायाधिवक्ताः**

भौतिक पूर्वाधार निर्माण र विकाससंग जोडिएका समस्याहरु रहेको, सरकारले थुप्रै कानून बनाउने committment नीति कार्यक्रममा कानून समयमा नै नबन्दा विभिन्न जटिलता देखिएको, बनाउनु पर्ने कानूनहरु प्राथमिकिकरण गरेर समयमा नै बनाएमा विकास निर्माणका अरु प्रकृयामा मद्दत हुने, मानव अधिकारको हिसावले कारागारको मानव व्यवस्थापनमा राष्ट्रिय बहस हुनुपर्ने, कानूनी व्यवस्था अनुसार क्रमिक रुपमा छोड्न सकिनेलाई कैदमुक्त गर्न पर्ने सुझाव सरकारलाई दिइएको, मकवानपुर, बाँके, कैदी भवनहरू छिटो बनाउन आवश्यक रहेको, भक्तपुरको बालसुधार गृहको समस्या गम्भिरतापूर्वक ध्यान जान आवश्यक रहेको, समयमा नै कानूनी परिमार्जनको समयसीमा बनाउन जरुरी रहेको लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो।

**(झ) श्री महेश्वर काफ्ले, कार्यबाहक महालेखापरीक्षकः**

समीक्षा यथार्थ छ। पूँजीगत खर्च ६१% भएको भन्नुभएको छ, खर्च उपलव्धीमूलक भयो भएन हेर्नु पर्दछ। नतिजा के भयो हेर्नु पर्ने, खर्चभन्दा नतिजा के हासिल भयो त्यो महत्वपूर्ण रहेको, विकास आयोजनाको प्रगति समीक्षा यथार्थ नै रहेको, अर्थतन्त्रको व्यवस्थापन गर्ने सन्दर्भमा, खर्च गर्ने सन्दर्भमा र विकास आयोजना व्यवस्थापन गर्ने सन्दर्भमा पारदर्शिताको स्तर कस्तो रह्यो? विगतको भन्दा पारदरशी भयो कि भएन ? हाम्रा कियाक्लापहरु सुधार उन्मुख भयो कि भएन समीक्षा गर्नु पर्ने, महालेखापरीक्षक कार्यालयले संघ, प्रदेश र स्थानीय तह तीन तहको लेखापरिक्षण गर्ने सन्दर्भमा देखिएका विषयबस्तुलाई पेश गर्ने गरेको।

शासकीय प्रवन्धमामा समस्या छन्, विकास व्यवस्थापनमा आवश्यकता र प्राथिमकता निर्धारण भएको छैन, स्रोत साधन र क्षमता कमजोर छ, विकास कार्यक्रम कार्यान्वयन र नतिजा/उपलब्धि, मूल्यांकन र पृष्ठपोषणमा समस्या रहेको,अर्थतन्त्रमा संकलन, वितरण, परिपालनमा, अनुगमन मूल्याङ्कन र पृष्ठपोषणमा समस्या छ, अर्थतन्त्रलाई चलायमान बनाउन यति कुरामा सुधार गर्नुपर्ने, विकास आयोजनामा सार्वजनिक खरिद व्यवस्थापन मा समस्या रहेको, सेवा प्रवाहको प्रणाली स्पष्ट छैन, उपलब्ध गराएका सेवाहरु पर्याप्त छैनन् र गुणस्तरीय छैनन्, सेवाग्राही सन्तुष्ट छैनन् मूल्यांकन गर्ने र सोको जवाफदेहिता मापन स्तर गर्न सकेको छैन, समाधान गर्न कानूनी तथा नीतिगत व्यवस्था गर्ने, स्रोत साधन व्यवस्थापन र कार्यान्वयन, विकास व्यवस्थापनमा ध्यान दिनुपर्ने, वातावरणीय पक्ष र आर्थिक अनुशासनको पक्षलाई ध्यान दिनुपर्ने लगायतका विषयहरुमा आफ्नो समस्या तथा समाधानका उपायहरू प्रस्तुत गर्नु भएको थियो।

**(ञ) माननीय उद्धव थापा, मुख्यमन्त्री, कोशी प्रदेशः**

विराटनगरमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड्को नाममा रहेको जग्मामा कोशी प्रदेश सरकारले Covid 19 मा उपचारको क्रममा र हाल Dengu को बिरामीको उपचारका लागि स्वास्थ्य सेवा प्रवाह गर्न प्रयोग गरिरहेकोमा सो जग्गा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नामबाट कोशी प्रदेश सरकारको नाममा हस्तान्तरण भएमा स्वास्थ्य सेवा प्रवाहमा सहज हुने, कोशी प्रदेशको कारागारको समस्या समाधान गरिनु पर्ने, भद्रपुर जेलमा चौकीदार नियुक्ति तथा जेल बन्दीको समस्या समाधानमा तथा जेलको क्षमता भन्दा कैदी बन्दीको संख्या बढी रहेकोले जेल सुधारमा संघीय सरकारको भूमिका, विराटनगर महानगरपालिका रहेको सुनसरी मोरङ सिचाँई आयोजनाको १३ बिघा जमिन प्रयोग विहिन रहेकोले संघीय सरकारबाट प्रदेश सरकारमा उक्त जग्गा हस्तान्तरण भएमा प्रदेश सरकारको सभाभवन लगायतका संरचना निर्माणमा सहज हुने, प्रदेश मन्त्रीस्तरबाट प्राथमिकता निर्धारण गरी पठाएको समपुरक अनुदानको आयोजना संघबाट सूचीको प्राथमिकता अनुरुप बजेट विनियोजन नहुने हुँदा आगामी वर्षमा सूची अनुसार बजेट विनियोजनमा जोड दिनुपर्ने लगायतका विषयहरुमा आफ्नो धारणा राखु भएको थियो।

**(ट) माननीय शालिकराम जम्कट्टेल, मुख्यमन्त्री, बागमती प्रदेशः**

प्रस्तावित निर्णय नं. ८ को बुँदामा राष्ट्रिय समन्वय परिषद्ले पोखरामा गरेको प्रगतिशील निर्णय कार्यान्वयन गर्ने, प्रदेश र स्थानीय सरकारको कर्मचारी व्यवस्थापनमा तर्सिनु नपर्ने, बागमती प्रदेशमा प्रहरी निजामती सेवा ऐन र स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धी ऐन बनाएर कार्यान्वयनमा

जान लागेको, पोखराको बैठकमा भएको समस्या समाधानको विषय रहेको प्रहरी समायोजन किन रोकियो? भन्ने विषय, (संबिधानले दिएको अधिकारको तथा कर्णाली बाहेक सबै प्रदेशले प्रहरी परिचालन ऐन पास भएको अवस्थामा) संघीय निजामती सेवा ऐन, शिक्षा ऐन निर्माणमा reservation रहेकोले प्रदेश र स्थानीय सरकारको सल्लाह राय सुझाब लिनुपर्ने लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो।

**(ठ) माननीय सुरेन्द्रराज पाण्डे, मुख्यमन्त्री, गण्डकी प्रदेशः**

पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को बैठकले पारित गरेका कुराहरु र सबै प्रदेशको १७ बुँदे साझा धारणा लागू नभएको, उक्त बैठकमा भएको संघीय निजामती सेवा ऐन सहमति/समझदारी लागू भएन , छिटो भन्दा छिटो निजामती सेवा ऐन जारी हुनु पर्ने, प्रदेशको reservation रहेकोले सोलाई पनि सम्बोधन गरेर ऐन जारी गरिनुपर्ने, प्रहरी समायोजनको पहल भएको अनुभुति नभएको, केन्द्रिकृत मानसिकताबाट बाहिर आउन पर्ने, ऐन, जग्गा प्राप्तीका कुरा र समानीकरणको कुराको समर्थन, कृषि आयमा कर प्रदेशको एकल अधिकार भएतापनि प्राप्त गर्न नसकेको, ट्राफिक जरिवानाको राजश्व रकम प्रदेशले प्राप्त गर्नु पर्ने, पोखरा अन्तराष्ट्रिय विमानस्थल संचालन गरिनु पर्ने, दुम्कीबासबाट त्रिवेणी जाने सडक राष्ट्रिय वन्य जन्तु संरक्षण ऐन, वन ऐनले गर्दा रोकिरहेकोमा सहजीकरण गरि बाटो खोलिदिनु पर्ने, लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो।

**(ड) माननीय डिल्ली बहादुर चौधरी, मुख्यमन्त्री, लुम्बिनी प्रदेशः**

सुरक्षा विना विकास हुन सक्दैन ,प्रदेश हुने तर प्रदेश प्रहरी नहुने, यस प्रकार सघीय प्रणाली अप्ठयारोमा पर्ने, स्थानीय सरकार र प्रदेश सरकार बलियो बनाउन पर्ने, लुम्बिनी विकास कोषसंग जनता जोडिन चाहान्छ, स्थानीय सरकार जोडिन चाहान्छ, हामी जोडिन चाहन्छौं, हाम्रो भूमिका देखिएन, लुम्बिनी विकास परियोजनका लागि पर्याप्त बजेट किन आएन, छाडा चौपाया कसरी व्यवस्थापन गर्ने? यो निकै गम्भिर समस्याको रुपमा रहेको छ, छाडा चौपायाहरुको एकतर्फी हड्ने बाटो छेकेर व्यवस्थापन गर्नु पर्ने स्थिति रहेको, साझा सूचीमा भएको अधिकारका विषय समयमै बाँडफाँड होस् प्रदेशमा कर्मचारी पठाउने र तान्ने लगायतका विषयहरुमा प्रदेशलाई जानकारी नहुने लगायतका विषयमा आफ्नो धारणा राख्नु भएको थियो।

**(ढ) माननीय राज कुमार शर्मा, मुख्यमन्त्री, कर्णाली प्रदेशः**

दशौ राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि बजेटको व्यवस्थालाई विशेष ध्यान दिईयोस्, कर्णाली भौगोलिक रुपमा विकट रहेको, श्रोत र साधन असाध्यै कम रहेको, यसका लागि विशेषा प्याकेजको रुपमा बजेट उपलव्ध गराउनु पर्ने, प्रहरी जनशक्ति भदौ भित्र हस्तान्तरणा हुनु पर्ने, हिमालीक्षेत्रमा ढुवानीको समस्या विगत बैठकमा पनि उठाई सकेको यसलाई व्यवस्थित गर्नुपर्ने, सार्वजनिक खरिद ऐनलाई विकासको बाधक होइन साधक बनाइयोस्, जग्गा प्राप्ति र वनको कुरा उठेको छ वनको समस्या समाधान हुन सकिरहेको छैन, अहिलेकै अवस्थाबाट स्थानीय तहलाई जनशक्तिको हिसाव र बजेटको हिसावले नहेर्ने हो भने स्थानीय तहले शिक्षा धान्न सकिने अवस्था छैन, यसमा प्रदेश सरकारको प्रत्यक्ष सहभागिता रहनु पर्ने देखिन्छ, यसलाई विशेष रुपमा हेरियोस्, कर्णाली अझै पनि अध्यारोमा छ, सडक निर्माणकालागि विस्पोटक पदार्थको सहज उपलव्धता नभएको हुँदा समयमै

काम सम्पन्न हुन सकिरहेको छैन, प्राकृतिक विपद्धले अर्बौंको क्षति भएको, राहत वितरण गर्न नसकि रहेको, बाँदर र बँडेल ठुलो समस्याको रुपमा रहेकोले यो विषय छिटो छरिटो समाधान गर्नु पर्ने लगायतका विषयमा आफनो धारणा राख्नु भएको थियो।

**(ण) माननीय कमल बहादुर शाह, मुख्यमन्त्री, सुदूरपश्चिम प्रदेशः**

राष्ट्रिय समन्वय परिषदको निर्णय कार्यान्वयन गर्नु पर्ने, प्रहरी समायोजन निजामती सेवा ऐन, जग्गा प्राप्ति, स्थानीय तहमा कर्मचारी व्यवस्थापन, एकीकृत बस्ती विकासको स्पष्ट खाका सहित कार्यान्वयनमा लान जोड दिनुपर्ने, सघीयतालाई बलियो बनाउने हो भने तत् सस्थाहरुलाइ अधिकार दिनु पर्ने, राजनीति र कर्मचारीबीच विश्वासको समस्या रहेको, प्रहरी समायोजन, निजामती सेवा लगायतका विषयमा स्पष्ट हुनुपर्ने, खर्च गरिने कुरालाई मात्रै प्रगति भन्ने कि भौतिक कार्य सम्पन्न हुने कुरालाई प्रगति मान्ने हो भन्ने लगायतका विषयहरुमा आफ्नो प्रतिकृया व्यक्त गर्नु भएको थियो।

**(त) माननीय मोहन बहादुर बस्नेत, मन्त्री, स्वास्थ्य तथा जनसख्या मन्त्रालयः**

देश भरि ५ ,१० १५ शैयाका पालिका अस्पताल ५० शैया जिल्ला अस्पताल २०० शैयाका प्रदेश ५०० शैयाका संघीय अस्पताल सबैको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) गरी दरबन्दी बढाउनु पर्ने, सबै अस्पतालहरुको मापदण्ड सहित गुणस्तरीय भवन बन्न नसकिरहेको, जनतालाई आधारभूत सेवा दिन समस्या भएको, संविधानले स्वास्थ्य सेवालाई आधारभूत निशुल्क सेवा दिने भनेतापनि व्यवहारमा लागु हुन कठिन देखिएका, यसलाई गम्भिरताका साथ लिनुपर्ने र दरबन्दी बढाउने तिर ध्यान दिन पर्ने, सेवा दिने निकाय र क्षेत्र झन विस्तार भएको, छात्रवृत्तिको विषयमा हामीले ३ अर्व चुक्ता गर्नु पर्ने, छात्रवृत्ति दिँदा देशको आवश्यकता हेरि निश्चित रुपमा दिनु पर्ने, छात्रवृत्तिमा पुनः समीक्षा गरी आवश्यकताको आधारमा मात्र छात्रवृत्ति वितरण गर्नु पर्ने, दरबन्दी बढाउनु पर्ने, दुगर्म बस्तीहरुमा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना हुँदा सकारात्मक सन्देश गएको, अर्को तर्फ ५ वर्षमा डाक्टर र नर्स उत्पादन गर्न नसिकने अवस्था भोली ठुलो समस्याको रुपमा आउने देखिन्छ, चिकित्सा शास्त्र बिधेयकमा व्यापक छलफल गरि सशोधन गर्न गम्भीर भएर लाग्नु पर्ने कुरामा विशेष ध्यान दिन आवश्यक भएको लगायतका विषयहरुमा आफनो धारणा राख्नु भएको थियो।

**(थ) माननीय सुदन किराती, मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः**

बैठक आयोजना हुनु राम्रो, हामीलाई परिणाम चाहियो, मौजुदा नीतिमा छिटो भन्दा छिटो समाधान हुनु पर्यो सेवा प्रवाह राम्रो हुनु पर्यो, काम गर्ने संस्कृति निर्माण हुनु पर्यो, कुन फाइल कहिले सक्ने, कति दिन रहने नगर्दा किन भएन भन्ने बारे स्पष्ट पार्नुपर्ने, त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलको ३१ मध्ये १८ वटा सत्तरमा स्टेअडर भएको १५ वर्ष भैसकेको अवस्था छ, कति समयको लागि स्टेअडर हुने हो, विकासको नीति बदल्नु आवश्यक भएको छ, विकासको प्राथमिकता के हो स्पष्ट पार्नु पर्ने, कुन सरकारले के गर्ने, आवश्यकताको आधारमा विकास आयोजना छनौट गरौं, राष्ट्रिय योजना आयोगबाट ६६८० वटा वडाहरुमा राष्ट्रिय स्वयम सेवक खटाउन उपयुक्त हुने, २०७२ को भुकम्प पछी हजारौ घर बने, मापदण्ड स्पष्ट नभई भवन निर्माण हुँदा उपयोग हुन नसकेको, टेण्डर प्रकियाको ३५ दिने नीति सच्याउनु पर्ने लगायतका विषयमा आफनो धारणा राख्नु भएको थियो।

**(द) माननीय रेखा शर्मा, मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

कार्यविभाजनको समस्या, समन्वयको समस्या, सार्वजनिक खरिद ऐनलाई सुधार गर्नु पर्ने, संघीयतामा आधारित कानून बनाउनु पर्ने, मुल कुरा सरकारी निकाय बिचमा समन्वयको समस्या, सडक तथा अन्य पुर्वाधार निर्माण गर्दा आयोजना स्थलमा रहेको भौतिक सरचनाहरुको स्थानान्तरणमा बजेटको अभाव, त्यसमा पनि समन्वयको अभाव, दुरसञ्चारसग सम्बन्धित विषय पुर्वाधार नियमावली अन्तिम अवस्थामा आईसकेको, न्याय प्रणालीमा रहेकोका प्रकृयागत ढिला सुस्ती विषयहरुलाई पहिचान गरी समाधान गर्नु पर्ने लगायतका विषयमा आफ्नो विचार राख्नु भएको थियो।

**(ध) माननीय सीता गुरुङ्ग, मन्त्री, शहरी विकास मन्त्रालय।**

अन्तर मन्त्रालय र निकाय विचको पारस्परिक सहयोग र समन्वयमा कमी रहेको, पुर्वाधार विकासका कुराको सम्बन्धमा ठेक्का लगाउने समय तोकिने, सम्पन्न गर्नु पर्ने समय तोकिएको विषय कार्यान्वयनमा फिटलो भएको, काम सम्पन्न गर्ने विषयलाई किन लागु गर्न सकिएन यसमा ध्यान जानु पर्ने, अनुगमन मुल्यांकन गर्ने परिपाटी र जति पनि हाम्रा कामहरु छन् सरचनाहरु छन् त्यहाँ अभिलेखीकरण सस्थागत नहुने, अनुगमन मूल्याकन सस्थागत हुनु पर्ने, अभिलेखिकरण व्यवस्थित गर्नु पर्ने, शहरी विकास मन्त्रालयले शहरलाई व्यवस्थित योजनावद्ध शहर बनाउन केन्द्रित हुदैछ ७५३ वटा स्थानीय तहमा २२ वटा अधिकार गएता पनि बस्ती बढ्ने र बजारको रुप लिन व्यवस्थित रुपमा वस्ती बस्न सकिरह्को छैन, शहरहरु अस्तव्यस्त हुने सम्भावना रहेको, बस्ती विकास देखि बजार र शहरीकरण सम्मलाई व्यवस्थित बनाउन शहरी नीतिलाई लागु गर्न जरुरी रहेको, व्यवस्थित शहर बनाउन जग्गा एकीकरणको माध्यमबाट जग्गा विकास कार्यक्रम आयोजनाहरु सञ्चालन गरिएको, जग्गाको समस्याले बाहिरी चकपथ कार्यान्वयन गाह्यो भएको, सरकारी स्वामित्वका भवनहरु निर्माण गर्ने सम्बन्धमा एकद्वार प्रणाली लागु गराउन पहल हुनुपर्ने, मापदण्डलाई लागु गराउनु पर्ने, बजार बृद्धि अनुसार बजार व्यवस्थापन गर्न गाह्यो भएको, फोहर व्यवस्थापन चुनौतीको रुपमा आएको, शहरी विकास मन्त्रालयले एउटा प्राविधिक सहायता केन्द तयार गरेता पनि पुर्ण रुपमा जिम्मेवारी प्राप्त नभएको, शहरलाई सफा राख्नु साझा एजेण्टाको रुपमा लान आवश्यक भएको लगायतका विषयमा आफनो धारणा राख्नु भएको थियो।

**(न) माननीय प्रकाश ज्वाला, मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः**

सम्माननीय प्रधानमन्त्री देखि स्थानीय तह सम्मको प्रतितिनिधत्व रहेको यस बैंठकको महत्व निकै रहेकोले यसलाई कर्मकाण्डी जस्तो रुपमा सिमित गर्नु भएन, बैठककोस्तर अनुसार समस्याको समाधान हुनुपर्ने गरि जानु पर्ने, मन्त्रालयहरुमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक हुने गरेको, त्यहाँबाट धेरै समस्याहरु पहिचान भएको छ, हामो मन्त्रालयको सम्बद्ध सडक तथा अन्य पुर्वाधार निर्माण गर्दा आयोजना स्थलमा रहेको बिधुत टेलिफोनहरु स्थानान्तरण गर्न बजेटको समस्याले ढिलाइ हुने गरेको छ, यदि मात्र हैन, यो भन्दा ठुला ठुला समस्याहरु रहेको छ। यसलाई अलि किटानी गरेर समस्या समाधान गरौ, विकासको समस्याको जड भनेको बजेट निर्माण प्रणाली देखि नै शुरु हुन्छ, यस अनुसार विकासको कार्य गर्न सकिदैन, बजेट निर्माण प्रणालीमा व्यापक सुधार गर्न आवश्यक छ, सघीय र स्थानीय सरकारका विचमा छलफल हुनु पर्दछ डुब्लिकेशन हुनु भएन, सिलिङ्ग समय मै वितरण हुनु पर्यो, समयमै अभ्यास हुनु पर्यो, "समृद्धिको

आधार भौतिकपुर्वाधार” भन्ने तर सिलिङ्ग घटिरहेको छ, बजेट घटेको छ, बजेट कटौती भएको छ, राष्ट्रिय गौरवका आयोजनामा असर परेको छ, पुजीगत खर्च कम भएको उत्पादन र रोजगारीमा असर परेको उत्पादन क्षेत्रमा असर, पुँजी निर्माणमा असर, अन्तमा अर्ततन्त्रमा असर पर्ने रहेको, अघिलो आर्थिक वर्षको ४ अर्व तिर्न बाँकी रहेको तुरुन्त भुत्तानी दिने सम्बन्धमा सम्मानीयज्यूबाट निर्देशन हुनपर्ने, यो अर्थिक वर्षको टेक्का टेण्डर अगाडि बढाउन बजेटको अभाव, समन्वयको अभाव,आयोजना प्रतिको दृष्टिकोणको अभाव, कार्यविभाजन नियमालीमा केबलकार बनाउने जिम्मा सामान्यलाई दिइएको अमिल्दो व्यवस्था, अघिल्लो आर्थिक वर्षमा काम गरेको भुक्तानी दिन नसकिएको, कानून बनाउने काम नभएको, विकास निर्माणको बाधक हाम्रौ ऐन कानून रहेको लगायतका विषयहरुमा आफनो धारणा राखु भएको थियो।

**(प) माननीय, मन्त्री, धनराज गुरुङ्ग, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।**

ऋण लिएर घीउ खाने होइन, ऋण लिएर गाई किन्ने हो, यस्तो संस्कृत बदल्नुपर्छ, गाँउपालिकाका अस्पतालहरु भवनहरुमा साधन श्रोत नभएको, ७० जना विद्यार्थी भएको स्कूलको लागि एक करोडको भवन बनाउन नहुने, पर्यटनको लागि भ्यू टावर बनाएर हुँदैन, पालिकाको सिमानामा गेट बनाएर हुँदैन। सगरमाथाको बेस क्याम्पमा जाने म्यागनेटिक रेल चलाए मात्र पर्यटक बढ्ने, मन्त्रालयमा फाइल फनफनी घुम्ने परम्परा ढिलासुस्ती बन्द गरिनु पर्ने, सरल र सरलीकृत कानून निर्माण गर्ने लगायतका विषयमा आफ्नो धारण राखु भएको थियो।

**(फ) माननीय रन्जिता श्रेष्ठ चौधरी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।**

सहकारीको समस्या जटिल रहेको, सहकारी समस्या समाधान सुझाव कार्यदल गठन भएको, यसको पहिलो प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष बुझाई सकिएको छ, थप केहि समय थपका लागि अनुरोध भएको छ, त्यस पश्चात कार्यदलको अन्तिम प्रतिवेदन बुझाउने छु, तत्कालका लागि सबैं तहका सरकार तथा स्थनीय तहले दर्ता र सहकारीको विस्तार रोकी दिएमा राम्रो हुने, सहकारीको अनुगमन प्रदेश र स्थानीय तहले सरल रुपमा गर्नु पर्ने र गलत गर्ने सहकारीहरुलाई तत्काल कार्वाहीमा ल्याउन गम्भिर भएर लाग्नु पर्ने लगायतका विषयमा आफ्नो धारणा राखु भएको थियो।

**(ब) माननीय रमेश रिजाल, मन्त्री उधोग, वाणिज्य तथा आपूर्ति मन्त्रालय।**

मुलुकलाई समृद्धिमा लाने प्राथमिकता के हो ? उधोग हो या व्यापार ? कृषिका लागि हो भने हदबन्दी तत्काल समाप्त गर्नु पर्दछ, कृषि व्यावसायीले २५, ५०, १०० विगाहा खरिद गरि कृषिमा लगानी गरेछ भने त्यसलाई छुट दिन पर्यो, त्यसले उत्पादन बढाउँछ र कृषि क्षेत्रमा पर्याप्त उपलब्धी हासिल गर्न सकिन्छ, उधोगमा लगानी मैंत्री वातावरण बनाउन पर्ने, पर्यटन विकासमा जोड दिनुपर्ने, यी क्षेत्रहरुलाई प्राथमिकतामा राखु पर्ने, बैदेशिक रोजगारीका लागि सीपयुक्त व्यक्ति पठाउनु पर्ने, मेडिकल शिक्षाको सम्बन्धमा हब बनाउन नर्सिङ्ग हब बनाउने, मेडिकल हब बनाउनु पर्ने। यसका लागि योजना आयोगको ध्यान जाहोस् भनि आफ्नो धारणा राखु भएको थियो।

**(भ) माननीय डा. बेदुराम भुसाल, मन्त्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय।**

देश विकासमा आइ पर्ने समस्या र समाधानका उपायहरु के के हुन् ? भन्ने छलफल गऱ्यौं, देशमा विभिन्न समस्याहरु छन् ।कृषि प्रधान देश भन्छौं मल छैन सिचाइ छैन, मधेशमा पानीको सतह

निकै तल गईसकेको अवस्था छ, डिपबोरिङ्ग नभई पानी आउँदैन, हाम्रा खोला नालाको माध्यमबाट सिँचाईको प्रवन्ध भयो भने दीर्धकाल सम्म पर्ने असर कम गर्न सकिन्छ, हरेक वर्ष हामीले ठुलो मानवीय क्षति भोग्नु परेको छ यातायात क्षेत्रमा, सुरुङ्ग मार्गको अवधारणा आउनु पर्ने, यसले सडक दुर्घटना कम गर्न सकिन्छ, कारागारहरुमा क्षमता भन्दा बढी सख्यामा थुनुवाहरु रहेकोले त्यहाँ मानवीय हिसावले अत्यन्त दर्दनाक अवस्था छ, दीर्घकालीन असर पर्ने कुराहरुमा सुधार हुँदै जानु पर्ने लगायतका विषयमा आफनो सुझाव प्रस्तुत गर्नु भयो।

**(म) माननीय अनिता देवी, मन्त्री सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।**

सघीय व्यवस्थालाई बलियो र प्रभावकारी बनाउनु पर्‍यो, स्थानीय तहलाई बलियो बनाउन प्रशासकीय अधिकृतले मात्र नसक्ने देखिएकोले त्यसमा कानूनविद र प्राविधिक पठाउन पाए राम्रो हुने, यसलाई थप प्रभावकारी बनाउन सरकारले एउटा नीति बनाउन सके अझै राम्रो हुने लगायतका विषयमा आफ्नो भनाई राखु भएको थियो।

**(य) माननीय अशोक कुमार राई, मन्त्री, शिक्षा मन्त्रालय**

कृषि तथा वन विज्ञान विश्वविद्यालय र त्रिभुवन विश्व विश्वविधालय विचमा जग्गा सट्टा पट्टा गर्ने कार्यको धेरै पटक प्रयास भएको छ, मुख्य सचिवको सयोजकत्वमा दुवै पक्षलाई राखेर कुराकानी गर्ने प्रयत्न भएको, सर्वोच्चले १२० दिन समय तोकेर सट्टा पट्टा गराउनु भन्ने आदेश भएको, त्यो समय पनि गएको, त्यस्तै प्रकृतिको राजर्षि जनक जस्तै त्रि.वि. तथा सुदुर पश्चिम विश्वविधालय विचमा एउटा क्याम्पस आदान प्रदान हुनुपर्ने हुन नसकेको, त्रि.वि.को डिनसंग कुरा गर्दा केहि सकारात्मक रहेको, त्रि.वि.मा पढ्न चाहनेहरुका लागि सुदुरपश्चिम यो एउटा क्याम्पस हो भन्न खालको देखिन्छ जवकि ऐनमै सुदुर पश्चिम विश्वविधालयको परिकल्पना गर्दा त्यो कलेजलाई आधार मानेर गरिएको थियो। यस प्रकारका कार्यसम्पादन हुन बाँकी रहेको विषयहरुलाई शिघ्र सम्पादन गर्नु पर्दछ, प्रधानमन्त्रीज्यूबाट यस सम्बन्धमा आवश्यक निर्देशन हुनु पर्ने, डेलिभरी Point परिवर्तन हुने अवस्था छ, विश्वविधालयहरु गाभ्ने नीति कार्यान्वयनमा छैन, Human Resource Planning को मस्यौदा तयार भएको छ, सबै सरोकारवाला मन्त्रालयमा पठाइएको छ। सबैले मद्दत र ध्यान दिएमा Human Resource Planning तयार हुन्छ र राष्ट्रिय योजना आयोगलाई पनि यसबाट योजना बनाउन सहज हुन्छ भन्ने लागेको लगायतका विषयमा आफनो धारणा राखु भएको थियो।

**(र) माननीय नारायणकाजी श्रेष्ठ, उपप्रधानमन्त्री एवं गृह मन्त्री, गृह मन्त्रालयः**

समस्या र समाधानका २ नं. विषयमा गृह मन्त्रालयबाट छलफल भै NDAC मा पठाउने भन्ने रहेको, NIDको औचित्यता पुष्टि गर्न बायोमेट्रिकलाई अथेन्टिकेसन प्लेटफर्म बनाउन २ नं. को प्रस्ताब ल्याइएको, नि.नं. ४ जस्ता समस्या सबैतिर छन्. त्यसैले यसमा पुनविचार गर्ने, तत्काल अर्थतन्त्रका गम्भीर समस्या छन् demand कम छ, बैङ्कमा पैसा छ,ऋण लिने मान्छे छैन उधोग बन्द भएका छन् अर्थतन्त्रमा शिथिलता आएको छ, अर्थतन्त्रलाई लयमा/गतिमा ल्याउनु पर्ने अवस्था छ, विकास मोडलको प्राथमिकता र त्यसको प्रकृयामा छिटो समाधान निकाल्ने, पुँजी वृद्धि कसरी हुने? Capital expenditure कसरी बढाइने, Trade deficit कसरी हल गर्ने? लगायतका विषयमा आफनो धारणा राखु भएको थियो।

## ४. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूले गर्नु भएको सम्बोधन तथा निर्देशन (२०८० भाद्र ११):

माननीय उप-प्रधानमन्त्रीज्यूहरू,
माननीय मन्त्रीज्यूहरू,
माननीय प्रदेश मुख्यमन्त्रीज्यूहरू,
माननीय राज्यमन्त्रीज्यूहरू,
राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यू,
राष्ट्रिय योजना आयोगका सदस्यज्यूहरू,
मुख्य सचिवज्यू,
सचिवज्यूहरू,
राष्ट्रसेवक कर्मचारी साथीहरू,
सञ्चारकर्मी मित्रहरू,
उपस्थित आदरणीय महानुभावहरू।

१. राष्ट्रिय विकास समस्या समाधान समितिको यस ५१औं बैठकमा आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारका बिभिन्न मन्त्रालयहरू तथा प्रदेश सरकारहरूबाट भए गरेका कामकारबाहीको समीक्षा प्रस्तुत भएको छ भने माननीय उपप्रधानमन्त्रीज्यूहरू, मन्त्रीज्यूहरू, मुख्यमन्त्रीज्यूहरू लगायत उपस्थित बिभिन्न महानुभावहरूले आफ्ना राय प्रतिक्रिया पनि राखी सक्नुभएको छ। म सर्वप्रथम यो समीक्षा प्रतिवेदन तयार गर्ने प्रक्रियामा संलग्न हुनुभएका र आजको यस छलफलमा भाग लिएर आफ्नो राय प्रतिक्रिया दिनु हुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।
२. गत आर्थिक वर्षमा हामीले खासगरी जनतालाई सेवा प्रवाह गर्ने क्षेत्रमा केही महत्वपूर्ण कार्य गर्न सफल भएका छौं। त्यसैगरी, सुशासनको क्षेत्रमा पनि केही नयाँ पहल अघि बढेको अवस्था छ। तर, विकास निर्माणको क्षेत्रमा भने गएको वर्ष हामीले अपेक्षाअनुसार काम गर्न सकेनौं भन्ने तथ्य आजको प्रगति समीक्षाले देखाएको छ।
३. सरकारको पुँजीगत खर्च समग्रमा ६१.५ प्रतिशतमा सीमित रहनु हाम्रो लागि चिन्ताको विषय हो। कुल बजेट बिनियोजनमा पुँजीगत खर्चको अंश त्यसै पनि न्यून रहने र त्यही न्यून बजेट पनि पूरा खर्च नहुने अवस्था हरेक वर्ष दोहोरिने बारेमा हामी सबैले गम्भीर भएर सोच्न आवश्यक छ। यो समस्याको समाधान हामी आफैले निकाल्न सक्छौं र निकाल्नैपर्दछ।
४. समग्र पुँजीगत खर्च सन्तोषजनक नभएता पनि मन्त्रालयगत र आयोजनागत रूपमा हेर्दा केही मन्त्रालय र केही राष्ट्रिय गौरवका आयोजनाहरूले तुलनात्मक रूपमा राम्रो गरेको अवस्था पनि छ। म पुँजीगत खर्च ७० प्रतिशत कटाउने ७ मन्त्रालयहरू र भौतिक प्रगति ९० प्रतिशतभन्दा बढी हासिल गर्ने १० वटा राष्ट्रिय गौरवका आयोजनासँग सम्वद्ध सबैलाई हार्दिक बधाइ ज्ञापन गर्दछु। साथै गत वर्षको अनुभवबाट पाठ सिकेर यस आर्थिक वर्ष न्यून प्रगति भोग्नुपरेका मन्त्रालय तथा आयोजनाहरूलाई नयाँ कार्ययोजना साथ अघि बढ्न पनि निर्देशित गर्दछु ।

५. गत आर्थिक वर्षमा इन्धनको मूल्य वृद्धि भएको कारण निर्माण लागत बढेको, सिंगो देश स्थानीय तह, प्रादेशिक र संघीय निर्वाचनमा केन्द्रित हुनुपरेको, केही समय नदीजन्य निर्माण सामग्रीको आपूर्तिमा समस्या सिर्जना भएको साथै राजस्व प्राप्तिमा आएको संकुचनले पछिल्लो समय केही कार्यहरू कटौती गर्नुपरेको जस्ता कारणले समेत विकास निर्माणका कार्य प्रभावित बन्न पुगेको देखिन्छ।

६. यस आर्थिक वर्षमा गत वर्षका परिघटनाहरू दोहोरिने अवस्था छैन । अर्कोतर्फ पुँजीगत खर्च बढाउन बिभिन्न उपायहरू कार्यान्वयन गर्ने प्रक्रिया अघि बढेको परिप्रेक्ष्यमा उपलव्ध भएको बजेट पूर्णरूपमा खर्च हुने गरी विकास निर्माणका कार्यको नेतृत्व गर्न म सबै माननीय मन्त्री तथा मुख्यमन्त्रीज्यूहरूलाई अनुरोध गर्दछु । त्यसैगरी, मुख्य सचिवज्यू तथा सचिवज्यू लगायत सबै राष्ट्रसेवक कर्मचारीलाई यस वर्ष विकास निर्माणको कार्यमा उदाहरणीय नतिजा ल्याउने र पुँजीगत खर्च शतप्रतिशत पुर्याउने ने गरी काम गर्न आग्रह गर्दछु ।

७. मैले यसअघि नै औपचारिक फोरमहरू र राष्ट्रिय योजना आयोगलाई पनि भनिसकेको छु-हाम्रो विकासको मोडेलमा व्यापक बहस र रूपान्तरण आवश्यक छ। विकास निर्माण र बजेट बिनियोजन प्राथमिकताका आधारमा हुनुपर्नेमा भनसुन र पहुँचका आधारमा हुनुले हामीले विकासमा असन्तुलनको मात्र सामना गरिरहेका छैनौं, पुँजीगत खर्चमा समेत अपेक्षित लक्ष्य हासिल गर्न सकिएको छैन । अर्कोतर्फ नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने समय बीचको अवधि छोटो हुँदा नीति तथा कार्यक्रमले निर्देशित गरेअनुरूपको बजेट नआउने, नीति तथा कार्यक्रम र बजेटमा जनप्रतिनिधि, बौद्धिक समुदाय र नागरिक समाजको बृद्धि र विवेकको प्रयोग नहुँदा त्यसप्रतिको अपनत्वभाव कमजोर हुने तथा बजेट भाषण गरेपछि त्यसमाथि परिमार्जन नहुने हाम्रो प्रणाली र अभ्यासले समेत विकास र समृद्धिको कार्यभारमा चुनौती सिर्जना गर्ने गरेको छ । मैले यसअघि नै घोषणा गरेको छु- यो परम्परालाई आगामी आर्थिक वर्ष सच्चाइनेछ । तर, सच्चाउने कसरी ? यससम्बन्धी मूर्त कार्ययोजनाको मस्यौदा तयार पारी पेश गर्नसमेत यसै बैठकमार्फत् राष्ट्रिय योजना आयोगलाई निर्देशित गर्दछु ।

८. विकास आयोजनाहरूमा राम्रो गर्नेहरूलाई पुरस्कृत र गलत गर्नेहरूलाई दण्डित गर्ने नीति, योजना र कार्यक्रमबाट सुशासन स्थापित गर्दै विकास आयोजनाको कामलाई तीव्रता दिन सकिन्छ। तसर्थ, संघीय सरकारले प्रारम्भ गरेको भ्रष्टाचार निवारण र सुशासन स्थापित गर्न चालेको कदम प्रदेश र स्थानीय तहमा समेत बिस्तारित गर्दै दण्ड र पुरस्कारको प्रणालीलाई स्थापित गर्न, राम्रो काम गर्नेहरूलाई प्रोत्साहित गर्न र आम जनसमुदायमा आशाको रक्तसञ्चार गर्न आवश्यक छ। कुण्ठा र निरासालाई चिरेर देशमा आशाको नयाँ परिस्थिति निर्माण गर्न सकिन्छ। यसतर्फ गम्भीर रूपले ध्यान दिनसमेत म विशेष अनुरोध गर्दछु ।

९. राष्ट्रिय योजना आयोगको यसअघि सम्पन्न पूर्ण बैठकले १६ औं योजनाको अवधारणा स्वीकृति गर्दै व्यापक बहस र अन्तरक्रियामार्फत् त्यसलाई पूर्णता दिने निर्णय गरेको छ । १६ औं योजना निर्धारण गर्दा पहिलो योजनादेखि १५ औं योजनासम्म हाम्रा उपलब्धीहरू के-कस्ता रहे, समस्या र चुनौतीहरू कहाँ-के रहे, त्यसको समाधानका निम्ति नीतिगत, कानुन, संस्थागत, संरचनागत र कार्यशैलीगत क्षेत्रमा के-कस्तो सुधार आवश्यक छ भन्नेबारे पनि गहन अध्ययन र निष्कर्ष निकाल्न

जरूरी छ। तसर्थ, म यसै बैठकमार्फत १६ औं योजनाको अवधारणालाई व्यापक बहसमार्फत अन्तिम रूप दिनसमेत निर्देशित गर्दछु ।

१०.सरकारले गर्ने खर्चले अर्थतन्त्रमा बहुआयामिक असर तथा अवसर सिर्जना गर्दछ। निजी क्षेत्र, सहकारी क्षेत्र, समुदाय र विकास साझेदारको स्रोतसाधनलाई हाम्रो आकांक्षाअनुरूपको समृद्धि हासिल गर्ने गरी परिचालन गर्न पनि सरकारले तोकिएको खर्च समयमै गर्न आवश्यक छ। तसर्थ, सरकार सम्पूर्ण अंगहरू प्रक्रियामुखी भन्दा परिणाममुखी सोंचका साथ अगाडि बढ्न आवश्यक छ।

११.आज यस बैठकमा राष्ट्रिय समस्याको रूपमा प्रस्तुत गरिएका ८ वटा समस्या समाधानको लागि यहाँ छलफलको क्रममा आएका सुझावहरूलाई समावेश गरी समाधान गर्ने निर्णय लिइएको जानकारी गराउँछु ।अन्त्यमा, निर्णय प्रक्रियामा देखिएको सक्रियता र तदारूकता कार्यान्वयनको प्रक्रियामा समेत थप प्रभावकारितासहित देखिने अपेक्षासहित ५१औं बैठक यहीं समापन भएको जानकारी गराउँछु, धन्यवाद।

## ५. राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकका निर्णयहरू:

१. नागरिकका संवेदनशील व्यक्तिगत विवरणहरू पटक-पटक विभिन्न निकायमा पेश गर्नुपर्ने तथा सरकारी निकायका विभिन्न प्रणालीहरुमा एकै प्रकारका विवरणहरू अलग-अलग प्रविष्टि गर्नुपर्ने समस्या समाधान गर्न गृह मन्त्रालयले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सहितका अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी एकीकृत बिवरण प्रविष्टि र प्रयोग प्रणालीको विकास गर्ने सम्बन्धी प्रस्ताब दुई महिनाभित्र नेपाल सरकारसमक्ष पेश गर्ने ।

२. कृषि योग्य जग्गाको खण्डीकरण हुन र बाँझो हुनबाट जोगाउन एवम् कृषि भूमि लोप हुन नदिने उपायका सम्वन्धमा तीन महिनाभित्र सुझाब दिनेगरी राष्ट्रिय योजना आयोगका सम्बन्धित विषयक्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयका प्रतिनिधि समावेश भएको समिति गठन गर्ने।

३. लेखा परीक्षण ऐन, २०७५ को दफा ८ बमोजिम महालेखा परीक्षकलाई सम्परीक्षण गर्ने अधिकार रहेको, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७५ को दफा ४० र ४१ मा बेरुजु संपरीक्षणसम्बन्धी व्यवस्था रहेको, तर बिगत केही समयदेखि बेरुजु फस्यौंट कार्य अवरूद्ध हुन पुगेको र बेरूजुको परिमाण वर्षेनी थपिने तर फस्यौंट नहुने स्थिति उत्पन्न भएकोले विद्यमान कानुनी व्यवस्थाअनुसार सम्परीक्षण गर्ने कार्यलाई निरन्तरता दिन एवम् कानुनमा परिमार्जन गर्नुपर्ने भए सो समेत अध्ययन गरी अर्थ मन्त्रालयले सार्वजनिक लेखा समिति र महालेखा परीक्षकको कार्यालयसँग आवश्यक समन्वय गरी सुझाव सहितको प्रतिवेदन एक महिनाभित्र पेश गर्ने।

४. अर्थतन्त्रमा विगत देखि देखापरेका समस्या र अर्थतन्त्रका समसामयिक चुनौतिलाई निराकरण गर्दै दीगो आर्थिक स्थायित्व तथा अर्थतन्त्रको समग्र सुधार गर्ने विषयमा अर्थ मन्त्रालयले अध्ययन गरी उपयुक्त सुझावसहितको प्रस्ताव तीन महिनाभित्र पेश गर्ने।

५. बढ्दो र अव्यवस्थित बसाइसराइ, जोखिममा रहेका बस्तीहरु, छरिएर रहेका बस्तीहरुमा विकासका पूर्वाधार र सेवा प्रवाहको पहुँचजन्य समस्या लगायतका विषय अध्ययन गरी शहरी विकास मन्त्रालयले सरोकारवाला मन्त्रालय तथा निकायसँग समन्वय गरी व्यवस्थित एवं दीगो बस्ती विकासको स्पष्ट खाका तीन महिनाभित्र पेश गर्ने।

६. समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान हस्तान्तरण सम्बन्धमा प्रदेश तथा स्थानीय तहको उपयुक्त माग सम्बोधन हुने गरी आगामी वर्षको बजेट तर्जुमा अगावै अर्थ मन्त्रालयले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग एवम् राष्ट्रिय योजना आयोगसँग समन्वय गरी आवश्यक प्रकृया र बिधि तर्जुमा गरी कार्यान्वयन गर्ने।

७. नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पेश गर्ने समयावधि पर्याप्त कायम गर्न नीति तथा कानूनमा गर्नुपर्ने आवश्यक परिमार्जनको सुझावका लागि राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालय समेतको प्रतिनिधित्व रहेको समितिले तीस दिनभित्र प्रतिवेदन पेश गर्ने।

८. स्वास्थ्य जनशक्तिको पर्याप्त उपलब्धता नभएका कारण केन्द्रदेखि वडातहसम्म स्वास्थ्य सेवा प्रवाहमा देखा परेको समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगका सम्बन्धित विषयक्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सहितको प्रतिनिधित्व रहेको कार्यदलले तीन महिना भित्रमा प्रतिवेदन पेश गर्ने।

९. भविष्यमा लम्पीस्किन, अफ्रिकन स्वाईन फिवर र अन्य महामारी देखा परेमा त्यसबाट पशुपन्छीलाई जोगाउने र महामारीबाट हुनसक्ने आर्थिक क्षतिलाई न्यून गर्ने उपायहरुको बारेमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले पूर्व-अध्ययन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने।

१०. मुलुकमा वर्षेनी उपलब्ध हुने जनशक्तिको व्यवस्थापन गर्न, बैदेशिक रोजगारीमा जाने जनशक्तिलाई देशभित्रै रोजगारीको अवसर सिर्जना गर्न, बैदेशिक अध्ययनमा जाने विद्यार्थीहरुको संख्या बढ्दै गएकोले देशभित्रै अध्ययन एवम् रोजगारीका अवसर उपलब्ध गराउन कार्यान्वयन योग्य मानव संशाधन विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन यसअघि यस सम्बन्धमा भएका अध्ययन प्रतिवेदनसमेतका आधारमा थप अध्ययन गर्नु पर्ने भए सो समेत गरी समग्र मानव संशाधन विकास योजना तयार गरी तीन महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषयक्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्ने।

## अनुसूची -१

**राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकमा उपस्थित पदाधिकारी तथा आमन्त्रित सहभागीहरुको नामावली**

| सि.नं. | पद | मन्त्रालय/आयोग/निकाय |
|---|---|---|
| १ | प्रधानमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | उप-प्रधानमन्त्री एवं रक्षा मन्त्री | रक्षा मन्त्रालय |
| ३ | उप-प्रधानमन्त्री एवं गृह मन्त्री | गृह मन्त्रालय |
| ४ | मन्त्री | कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय |
| ५ | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ६ | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ७ | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| ८ | मन्त्री | खानेपानी मन्त्रालय |
| ९ | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय |
| १० | मन्त्री | परराष्ट्र मन्त्रालय |
| ११ | मन्त्री | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| १२ | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| १३ | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| १४ | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १५ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| १६ | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| १७ | मन्त्री | शहरी विकास मन्त्रालय |
| १८ | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| १९ | मन्त्री | वन तथा वातावरण मन्त्रालय |
| २० | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २१ | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश |
| २२ | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश |
| २३ | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश |
| २४ | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश |
| २५ | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश |
| २६ | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश |

| सि.नं. | पद | मन्त्रालय/आयोग/निकाय |
|---|---|---|
| २७ | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| २८ | उपाध्यक्ष | राष्ट्रिय योजना आयोग |
| २९ | मुख्य सचिव | नेपाल सरकार |
| ३० | सदस्य | राष्ट्रिय योजना आयोग |
| ३१ | सदस्य | राष्ट्रिय योजना आयोग |
| ३२ | सदस्य | राष्ट्रिय योजना आयोग |
| ३३ | सदस्य | राष्ट्रिय योजना आयोग |
| ३४ | सदस्य | राष्ट्रिय योजना आयोग |
| ३५ | सदस्य | राष्ट्रिय योजना आयोग |
| ३६ | सदस्य सचिव | राष्ट्रिय योजना आयोग |
| ३७ | सुरक्षा सल्लाहकार | राष्ट्रिय सुरक्षा परिषद् |
| ३८ | अध्यक्ष | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ३९ | महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ४० | प्रधानसेनापति | नेपाली सेना मुख्यालय |
| ४१ | अध्यक्ष | नेपाल नगरपालिका संघ |
| ४२ | अध्यक्ष | गाउँपालिका राष्ट्रिय महासंघ |
| ४३ | गभर्नर | नेपाल राष्ट्र बैंक |
| ४४ | कार्यबाहक महालेखापरीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ४५ | सम्माननीय प्रधानमन्त्रीज्यूको प्रेस सल्लाहकार | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४६ | सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख स्वकीय सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४७ | सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४८ | प्रमुख कार्यकारी अधिकृत | लगानी बोर्ड |
| ४९ | प्रमुख कार्यकारी अधिकृत | विद्युतीय सुशासन आयोग |
| ५० | उपाध्यक्ष | प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश |
| ५१ | उपाध्यक्ष | प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश |
| ५२ | उपाध्यक्ष | प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश |
| ५३ | उपाध्यक्ष | प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश |

| सि.नं. | पद | मन्त्रालय/आयोग/निकाय |
|---|---|---|
| ५४ | उपाध्यक्ष | प्रदेश योजना आयोग, सुदूरपश्चिम प्रदेश |
| ५५ | सचिव | राष्ट्रपतिको कार्यालय |
| ५६ | सचिव (आर्थिक तथा पूर्वाधार विकास) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५७ | सचिव (इन्जिनियरिङ्ग) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५८ | सचिव (सामाजिक विकास तथा प्रादेशिक समन्वय) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५९ | सचिव | अर्थ मन्त्रालय |
| ६० | सचिव (राजस्व) | अर्थ मन्त्रालय |
| ६१ | सचिव (उद्योग) | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ६२ | सचिव (उर्जा) | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| ६३ | सचिव (जलश्रोत तथा सिंचाइ) | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| ६४ | सचिव | कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय |
| ६५ | सचिव (कृषि) | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ६६ | सचिव (पशुपन्क्षी) | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ६७ | सचिव | खानेपानी मन्त्रालय |
| ६८ | सचिव | गृह मन्त्रालय |
| ६९ | सचिव | परराष्ट्र मन्त्रालय |
| ७० | सचिव | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| ७१ | सचिव | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ७२ | सचिव | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| ७३ | सचिव | युवा तथा खेलकुद मन्त्रालय |
| ७४ | सचिव | रक्षा मन्त्रालय |
| ७५ | सचिव | वन तथा वातावरण मन्त्रालय |
| ७६ | सचिव (शिक्षा) | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ७७ | सचिव (विज्ञान तथा प्रविधि) | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ७८ | सचिव | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| ७९ | सचिव | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ८० | सचिव | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ८१ | सचिव | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |

| सि.नं. | पद | मन्त्रालय/आयोग/निकाय |
|---|---|---|
| ८२ | सचिव | शहरी विकास मन्त्रालय |
| ८३ | सचिव (जनसंख्या र प्रशासन) | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ८४ | सचिव (स्वास्थ्य) | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ८५ | रजिष्ट्रार (प्रशासन) | सर्वोच्च अदालत |
| ८६ | सचिवालय सचिव (प्रशासन) | संघीय संसद सचिवालय |
| ८७ | सचिव | अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ८८ | उप-महालेखापरीक्षक (शासकीय व्यवस्था लेखापरीक्षण विभाग) | महालेखापरीक्षकको कार्यालय |
| ८९ | सचिव | लोक सेवा आयोग |
| ९० | सचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ९१ | सचिव | जल तथा ऊर्जा आयोग |
| ९२ | सचिव | सत्य निरुपण तथा मेलमिलाप आयोग |
| ९३ | महालेखा नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय |
| ९४ | सचिव | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ९५ | सचिव | नेपाल ट्रष्टको कार्यालय |
| ९६ | प्रमुख तथ्याङ्क अधिकारी/सचिव | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ९७ | नि. प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालय, मधेश प्रदेश |
| ९८ | प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालय, बागमती प्रदेश |
| ९९ | प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालय, गण्डकी प्रदेश |
| १०० | नि. प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालय, लुम्बिनी प्रदेश |
| १०१ | नि. प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालय, कर्णाली प्रदेश |
| १०२ | सहसचिव | राष्ट्रिय योजना आयोग |
| १०३ | सहसचिव | राष्ट्रिय योजना आयोग |
| १०४ | सहसचिव | राष्ट्रिय योजना आयोग |
| १०५ | सहसचिव | राष्ट्रिय योजना आयोग |
| १०६ | सहसचिव | राष्ट्रिय योजना आयोग |
| १०७ | सहसचिव | राष्ट्रिय योजना आयोग |
| १०८ | सहसचिव | राष्ट्रिय योजना आयोग |
| १०९ | सहसचिव | राष्ट्रिय योजना आयोग |

| सि.नं. | पद | मन्त्रालय/आयोग/निकाय |
|---|---|---|
| ११० | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश |
| १११ | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदुरपश्चिम प्रदेश |
| ११२ | निर्देशक, आर्थिक प्रशासन | नेपाली सेना |
| ११३ | विभागीय प्रमुख, व्य.नि. तथा यो.वि. | नेपाली सेना |
| ११४ | अध्यक्ष | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय |
| ११५ | विभागीय प्रमुख, सैनिक इन्जिनियरिङ्ग विभाग | नेपाली सेना |
| ११६ | सह संयोजक रा सु प सचिवालय | नेपाली सेना |
| ११७ | उप महासचिव | जिल्ला समन्वय समिति महासंघ |
| ११८ | सहसचिव | खानेपानी मन्त्रालय |
| ११९ | सह न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| १२० | सहसचिव | निर्वाचन आयोग |
| १२१ | सहसचिव | संचार तथा सूचना प्रविधि मन्त्रालय |
| १२२ | सहसचिव | नेपाल कानून आयोग |
| १२३ | सहसचिव | राष्ट्रिय सतर्कता केन्द्र |
| १२४ | सहसचिव | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| १२५ | सहसचिव | परराष्ट्र मन्त्रालय |
| १२६ | सहसचिव | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| १२७ | सहसचिव | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १२८ | सहसचिव | वन तथा वातावरण मन्त्रालय |
| १२९ | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालय, गण्डकी प्रदेश |
| १३० | शाखा अधिकृत | निर्वाचन आयोग |
| १३१ | शाखा अधिकृत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १३२ | शाखा अधिकृत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १३३ | शाखा अधिकृत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १३४ | शाखा अधिकृत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १३५ | शाखा अधिकृत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| सि.नं. | पद | मन्त्रालय/आयोग/निकाय |
|---|---|---|
| १३६ | | नेपाल टेलिभिजन |
| १३७ | | राष्ट्रिय समाचार समिति |
| १३८ | | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| १३९ | निर्देशक | नेपाल राष्ट्र बैंक |
| १४० | | रेडियो नेपाल |
| १४१ | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १४२ | कार्यक्रम निर्देशक | राष्ट्रिय योजना आयोग |
| १४३ | कार्यक्रम निर्देशक | राष्ट्रिय योजना आयोग |
| १४४ | कार्यक्रम निर्देशक | राष्ट्रिय योजना आयोग |
| १४५ | कार्यक्रम निर्देशक | राष्ट्रिय योजना आयोग |
| १४६ | कार्यक्रम निर्देशक | राष्ट्रिय योजना आयोग |
| १४७ | योजना अधिकृत | राष्ट्रिय योजना आयोग |
| १४८ | योजना अधिकृत | राष्ट्रिय योजना आयोग |
| १४९ | योजना अधिकृत | राष्ट्रिय योजना आयोग |
| १५० | योजना अधिकृत | राष्ट्रिय योजना आयोग |
| १५१ | योजना अधिकृत | राष्ट्रिय योजना आयोग |
| १५२ | योजना अधिकृत | राष्ट्रिय योजना आयोग |
| १५३ | योजना अधिकृत | राष्ट्रिय योजना आयोग |
| १५४ | योजना अधिकृत | राष्ट्रिय योजना आयोग |
| १५५ | योजना अधिकृत | राष्ट्रिय योजना आयोग |
| १५६ | तथ्यांक अधिकृत | राष्ट्रिय योजना आयोग |
| १५७ | ना.सु. | राष्ट्रिय योजना आयोग |

## अनुसूची-२

माननीय उपाध्यक्षज्यूबाट राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकमा प्रस्तुत गर्नु भएको प्रस्तुतीकरणको पूर्ण विवरण (पावरप्वाईन्ट स्लाइड)

प्रस्तुतीकरणको पूर्ण विवरण

## अनुसूची -३

## राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ देखि ५० औ बैंठकबाट भएका निर्णयको कार्यान्वयन अवस्था सम्बन्धी तालिका

### ४८ औं बैठकका निर्णयहरू कार्यान्वयन स्थिति

| नि.नं. | ४८ औं बैठक निर्णयहरु |
|---|---|
| १. | **गृह मन्त्रालयः** रूपान्तरणकारी आयोजनाको रूपमा रहेको राष्ट्रिय परिचयपत्र आगामी तीन वर्ष भित्र सबै नेपाली नागरिकलाई पृथक नम्बर सहित वितरण गरी सक्नु पर्ने स्थिति रहेको र उक्त परिचयपत्रसँग अन्य सरकारी सेवा प्रणाली आबद्ध गरी कार्यान्वयन गर्न सबै निकायको अपनत्व र यस अनुसारको दक्षता बृद्धि आवश्यक रहेकोले राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई प्रभावकारी बनाउन सरोकारवाला सबै निकायसँग समन्वय गरी **गृह मन्त्रालयले** यसलाई अभियानको रूपमा सञ्चालन गर्ने । |
| | **कार्यान्वयन अवस्था** |
| | • हालसम्म राष्ट्रिय परिचयपत्रको लागि १,३१,५४,७४२ विवरण सकंलन गरिएको।<br>• ५५ जिल्ला, ५६१स्थानीय तह तथा ५१०३ वडामा अभियान सम्पन्न भएको । हाल १३ जिल्लामा अभियान सञ्चालनमा रहेको । ७७ वटै जिल्ला प्रशासन कार्यालयको १७१ र ईलाका प्रशासन कार्यालयहरुमा ४८ गरी जम्मा २१९ वटा स्टेशनहरुबाट विवरण दर्ताको कार्य भइरहेको।<br>• १ करोड २१ लाख १७ हजार राष्ट्रिय परिचयपत्र कार्ड प्राप्त भएको । १६ लाख ३० हजार १४ कार्ड छपाइ गरी १ लाख ७३ हजार ६८ कार्ड वितरण गरिएको ।<br>• ५४ वटा जिल्ला प्रशासन कार्यालयहरुमा करिव ७ लाख ८५ हजार कार्ड वितरणका लागि पठाइएको।<br>• राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NID MIS) को राहदानी विभागको विद्युतीय प्रणालीसँग अन्तरआवद्धता भएको।<br>• चिकित्सा शिक्षा आयोगसँग सम्झौता भइ मेडिकल अधिकृत प्रवेश परीक्षामा राष्ट्रिय परिचयपत्र नम्बर (NIN) अनिवार्य भएको।<br>• अन्य निकायहरुसँग आवद्धताका लागि छलफल भइरहेको र NID Authentication Platform स्थापना र विकासको लागि आगामी आ.व को वार्षिक कार्यक्रममा समावेश भएको।<br>• छपाई भएका कार्ड वितरण तथा छपाई हुन बाँकी जिल्लाहरुको कार्ड छपाईको योजना सहित कार्य भइरहेको। |
| २. | **अर्थ मन्त्रालयः** सालवसाली विनियोजन ऐनका आधारमा कार्यक्रम सञ्चालनका लागि कार्यविधि तर्जुमा गर्ने पद्धतिले हरेक वर्ष कार्यक्रम कार्यान्वयनमा ढिलाई हुने गरेको हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ मा स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कार्यविधि आवश्यक पर्ने भएमा अर्थ मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले स्वीकृत गरी कार्यान्वयन गर्नसक्ने व्यवस्था थप गर्न अर्थ मन्त्रालयले कारबाही अगाडि बढाउने। |

| नि.नं. | ४८ औं बैठक निर्णयहरु |
|---|---|
| | **कार्यान्वयन अवस्था** |
| | **अर्थ मन्त्रालय**<br>स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कार्यविधि आवश्यक पर्ने भएमा अर्थ मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले स्वीकृत गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था विनियोजन अध्यादेश, २०७९ मा समावेश भएको। |
| ३. | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः** राष्ट्रिय राजमार्गहरूको रेखांकन र सडक सीमा निर्धारण यथाशीघ्र छिटो गर्नुपर्ने, कतिपय योजनाहरूमा सडक सीमाको अन्यौलता भई निर्माण कार्य बारम्बार अवरोध हुने गरेकोले राष्ट्रिय राजमार्गहरूको रेखांकन र सडक सीमा निर्धारणको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जग्गा प्राप्ति ऐन, २०३४ र पटक पटक मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई समेत अध्ययन गरी कारवाही प्रक्रिया अगाडि बढाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सहसचिवको संयोजकत्वमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सडक विभाग र सम्बद्ध आयोजना प्रमुखको कार्यदल बनाई **एक महिना भित्र** टुङ्गयाउने। |
| | **कार्यान्वयन अवस्था** |
| | **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**<br>• राष्ट्रिय राजमार्गको रेखांकन गर्न माग भएको अवस्थामा रेखांकनको कार्य भैरहेको ।<br>• लगत कट्टा गर्न किटानीसाथ माग भएको अवस्थामा लगत कट्टाको कार्य भैरहेको ।<br>• साथै अधिग्रहण गरिएको जग्गाको लगत कट्टा गरी जग्गाधनी दर्ता श्रेस्ता कायम भएपछि मुआव्जा वितरणको कार्य गर्न माननीय मन्त्रिस्तरको मिति २०७७/१२/११ को निर्णय भई कार्यन्वयन मा आइसकेको ( उक्त बिषय सबै मन्त्रालय लाई पनि अनुरोध भैसकेको, च.नं.१२२० मिति २०७७/१२/१७ को पत्रानुसार )<br>**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**<br>• सडक विभागबाट राष्ट्रिय राजमार्गहरूको GIS Map Update गर्ने कार्य सम्पन्न भएको।<br>• सडक सीमा सम्बन्धी प्रस्ताव प्रतिवेदन छलफलको लागी सडक विभागबाट मन्त्रालयमा पेश भएको। सडक सीमाको लागि विभिन्न Criteria हरूबनाई सडकको सीमा तोक्ने सम्बन्धमा आवश्यक तयारि भईरहेको। |
| ४. | **राष्ट्रिय योजना आयोगः** मेलम्ची खानेपानी आयोजनाको पूर्व ईटालीयन ठेकेदार कम्पनी (CMC) ले भुक्तानी नदिएका कारण आयोजना स्थलमा अवरोध भई काम नै रोक्का हुने अवस्था रहेको हुँदा उक्त समस्या समाधानका लागि नेपाल सरकारले ठेकेदार कम्पनीको दायित्व भुक्तानी गर्ने कानुनी प्रावधान नभएका कारण स्थानीय तहबाट नै सहजीकरण हुने गरी समस्या समाधान गर्न **राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा** खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव सहितको समितिले आवश्यक सहजीकरण गरी **२ महिना** भित्र समस्या समाधान गर्ने। |
| | **कार्यान्वयन अवस्था** |

| नि.नं. | ४८ औं बैठक निर्णयहरु |
|---|---|
| | **खानेपानी मन्त्रालय।**<br>श्री राष्ट्रिय योजना आयोगका सदस्य मा. दिल बहादुर गुरुङ ज्यूको संयोजकत्वमा खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिलाका सचिव ज्यू सहितको गठित समितिबाट प्रतिवेदन प्राप्त भई उक्त प्रतिवेदन सहमतिका लागि श्री अर्थ मन्त्रालयमा पठाइएको तथा ताकेताको लागि पुनः पत्र पठाइएकोमा अर्थ मन्त्रालयबाट सहमति प्रदान नभएको र अब उप्रान्त यस किसिमको पत्र नपठाउन अनुरोध भएको।<br>सहमति सम्बन्धमा थप पुनः पत्र श्री अर्थ मन्त्रालयमा पठाइएको भएतापनि हालसम्म पनि यस सम्बन्धमा कुनै निर्णय हुन नसकेको। |
| ५. | **राष्ट्रिय योजना आयोग:** विभिन्न मन्त्रालय/निकायहरूवाट प्रदान गरिने सीपमूलक तालिमको प्रमाणीकरण गर्ने एकीकृत व्यवस्था नभएको र रोजगारीसँग आबद्ध गर्न नसकिएकोले सीपमूलक तालिमको एकीकृत नीति, पाठ्यक्रम निर्धारण, योग्यता परीक्षण र प्रमाणीकरण व्यवस्थापनको लागि एउटा छाता संस्था आवश्यक देखिएकोले आवश्यक नीति निर्माण गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा शिक्षा, विज्ञान तथा प्रविधि, उद्योग, बाणिज्य तथा आपूर्ति, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव सम्मिलित समिति गठन गरी **३ महिना भित्र** अध्ययन कार्य सम्पन्न गरी सीप विकास तालिम सम्बन्धी छाता संगठन प्रस्ताव गर्ने। |
| | **कार्यान्वयन अवस्था** |
| | **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**<br>राष्ट्रिय योजना आयोगको नेतृत्व र मन्त्रालयको सहभागितामा प्रतिवेदन तयार भएको।<br>**श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**<br>सीप विकास नीतिको मस्यौदा तयार भएको। |
| ६. | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय:** जटिल एवं आकस्मिक प्रकृतिका आयोजना एवं निर्माण कार्य नेपाल पूर्वाधार विकास कम्पनीद्वारा गर्ने लक्ष्यका साथ कम्पनी स्थापना भएकोमा हालको सार्वजनिक खरिद ऐन र नियमावलीले त्यो तर्फ उचित व्यवस्था नगरेको हुनाले सार्वजनिक खरिद ऐन र नियमावलीमा संशोधन गरिनुपर्ने दफा र नियमहरूको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सहसचिव संयोजकत्वमा सार्वजनिक खरीद अनुगमन कार्यालय र नेपाल पूर्वाधार विकास कम्पनी सहितको प्रतिनिधि रहेको कार्यदल गठन गरी **एक महिनाभित्र** टुङ्गो लगाउने। |
| | **कार्यान्वयन अवस्था** |
| | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय:**<br>केही नेपाल ऐनलाई संशोधन गर्ने विधयेकद्वारा सार्वजनिक खरिद ऐनमा संशोधन गरी नेपाल पूर्वाधार निर्माण कम्पनी मार्फत कार्य गराउने प्रक्रियामा सहजिकरणको लागि मा. मन्त्रीस्तरबाट निर्णय गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाइएको। |
| ७. | **गृह मन्त्रालय:** निजीक्षेत्रबाट सञ्चालित ठूला आयोजनाहरूको सुरक्षा व्यवस्थापन विद्यमान सुरक्षा जनशक्तिबाटै भईरहदा जनशक्तिको अभाव भएको, साथै खटिने जनशक्तिको प्रोत्साहन, सेवा, सुबिधा उपलब्ध गराउन समस्या भएको र नेपाल सरकारको तर्फबाट पर्याप्त खर्च हुने गरेको हुँदा निजीक्षेत्रबाट सञ्चालित ठूला आयोजनाहरूको सुरक्षा व्यवस्थापन सम्बन्धमा छुट्टै मापदण्ड निर्धारण गरी **३ महिनाभित्रै** कार्यान्वयन हुने गरी गृह मन्त्रालयले कारबाही अगाडि बढाउने। |
| | **कार्यान्वयन अवस्था** |
| | **गृह मन्त्रालय:** |

| नि.नं. | ४८ औं बैठक निर्णयहरु |
|---|---|
| | निजी क्षेत्रबाट सञ्चालित ठूला आयोजनाहरुको सुरक्षा व्यवस्थापनका लागि "निजी क्षेत्रबाट सञ्चालित आयोजनाको सुरक्षा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८" को मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, लगायत सरोकारवाला निकायसँग राय माग गरिएकोमा अर्थ मन्त्रालयबाट सुरक्षा खतराका बखत पटके निर्णयानुसार सुरक्षा उपलब्ध भई रहेकोले मापदण्डका सम्बन्धमा पुनर्विचार गर्नुपर्ने राय प्राप्त भएको हुँदा उल्लिखित मापदण्ड तयारीमा प्रगति हुन नसकेको। |
| ८. | **राष्ट्रिय योजना आयोग**: समयानुकुल र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न कक्षाकोठामा सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन गरी वैकल्पिक सिकाई प्रविधिहरू मार्फत सिकाईलाई निरन्तरता दिन सबै सामुदायिक विद्यालयहरूमा विद्युत तथा इन्टरनेट सेवाको पहुँच विस्तार गर्नु अति आवश्यक भएकोले राष्ट्रिय योजना आयोगका शिक्षा क्षेत्र हेर्ने सदस्यको नेतृत्वमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव सदस्य रहने एक समिति गठन गरी इन्टरनेट सेवाको विस्तार हुने कार्ययोजना तयार गरी **३ महिना भित्र** आयोग मार्फत मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने। |
| | **कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय योजना आयोग,**<br>**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,**<br>राष्ट्रिय योजना आयोगको नेतृत्व र मन्त्रालयको सहभागितामा प्रतिवेदन तयार। |
| ९. | **अर्थ मन्त्रालय** र विकास साझेदार संस्थाबीच हुने साझेदारी ढाँचा सम्झौता (Partnership Framework Agreement) अन्तर्गत सञ्चालन हुने आयोजनाहरूमा कतिपय विकास साझेदार निकायले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई सिधै सहायता उपलब्ध गराउने, त्यस्ता सहायता रकम राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगानी भए नभएको एवम् कति रकम खर्च भयो भन्ने बारेमा समेत यकिन हुन नसकेको र सो रकम बेरुजु भएको भनी महालेखा परीक्षकको प्रतिवेदनमा समेत उल्लेख गरिएको हुँदा अर्थ मन्त्रालय र विकास साझेदार संस्थाबिच हुने साझेदारी ढाँचा सम्झौता (Partnership Framework Agreement) अन्तर्गत सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरूबाट गैरसरकारी संघसंस्थाले संचालन गर्ने कार्यक्रमहरूभएमा समाज कल्याण परिषद्को स्वीकृति लिएर मात्र सञ्चालन गर्ने र विकास साझेदार निकायले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई उपलब्ध गराएको सहायताको अभिलेख राखी समाज कल्याण परिषद्ले अनुगमन गर्ने र नेपालको लागि उपलब्ध गराउने सहायता सार्वजनिक गर्ने व्यवस्था मिलाउने। |
| | **कार्यान्वयन अवस्था** |
| | **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**<br>• राष्ट्रिय योजना अयोगका माननीय सदस्यज्युको समन्वयमा बैठक बसी वैदेशिक साहायता अन्तर्गत NGO/INGO मार्फत प्राप्त हुने साहायतामा एकद्वार प्रणाली कार्यान्वयनका लागि सहयोग गर्न अर्थ मन्त्रालयलाई अनुरोध गरिएको।<br>• सहायताको अभिलेख राख्ने गरिएको।<br>• समाज कल्याण परिषद्को Website मा सार्वजनिकीकरण गर्ने गरिएको।<br>• समाज कल्याण तथा मन्त्रालयतहबाट नियमित अनुगमन गर्ने गरिएको।<br>**महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय।** |

| नि.नं. | ४८ औं बैठक निर्णयहरु |
|---|---|
| | • राष्ट्रिय योजना अयोगका माननीय सदस्यज्युको समन्वयमा बैठक बसी वैदेशिक साहायता अन्तर्गत NGO/INGO मार्फत प्राप्त हुने साहायतामा एकद्धार प्रणाली कार्यान्वयनका लागि सहयोग गर्न अर्थ मन्त्रालयलाई अनुरोध गरिएको।<br>राष्ट्रिय प्राथमिकता एवं आवश्यकताका क्षेत्रमा गै स स परिचालन गर्नको लागि सूझाव दिने गरिएको। |
| १०. | **परराष्ट्र मन्त्रालय**: विदेशमा स्थित नेपाली नियोगका लागि घर/जग्गा खरिदमा नेपालको सार्वजनिक खरिद कानूनका साथै नियोग रहेको मुलुकको कानून एवम् प्राविधिक विषय आकर्षित हुने, अधिकांश नियोगहरूलाई दुबै देशका खरीद सम्बन्धी कानूनबीच तादात्म्यता मिलाएर खरिद प्रक्रिया अगाडि बढाउन कठिनाई भइरहेको साथै विदेशस्थित नेपाली नियोगहरूमा काम नलाग्ने, नचल्ने वा जीर्ण भई प्रयोगविहिन अवस्थामा रहेका सवारीसाधन लगायतका सामानहरू नष्ट (Scrapping) गर्नुपर्ने भएको हुँदा नियोगहरूका लागि घर/जग्गा खरिद गर्न कागजात तयारी, मूल्याङ्कन, समन्वय एवम् सहजीकरणका लागि र प्रयोग विहिन अवस्थामा रहेका सामानहरू स्थानीय प्रचलन अनुसार नष्ट (Scrapping) गर्न **परराष्ट्र मन्त्रालयको नेतृत्वमा** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, सहरी विकास तथा भवन निर्माण विभाग र सार्वजनिक खरिद तथा अनुगमन कार्यालयका प्रतिनिधि सम्मिलित एक सहजीकरण संयन्त्र गठनगरी **एक महिनाभित्र** कार्य अगाडि बढाउने। |
| | **कार्यान्वयन अवस्था** |
| | **परराष्ट्र मन्त्रालय**<br>विदेशस्थित नेपाली नियोगको आर्थिक कार्यविधि, २०७९ जारी भएको (२०७९/५/६)। |
| ११. | **कानून न्याय तथा संसदीय मामीला मन्त्रालय र परराष्ट्र मन्त्रालय**: द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सन्धि सम्झौताहरूको कार्यान्वयनको अवस्थाबारे सम्बन्धित मन्त्रालयहरूले प्रगति प्रतिवेदन गर्ने अनिवार्य संयन्त्रको ब्यवस्था हुन नसक्दा सन्धि सम्झौताहरूको कार्यान्वयनको अवस्था यकिन गर्न कठीन भएकोले द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय रूपमा सम्पन्न भएका सन्धि सम्झौताहरूको कार्यान्वयनको अवस्थाको सन्दर्भमा त्यस्ता सन्धि सम्झौतासँग सम्बन्धित मन्त्रालयहरूले कार्यान्वयनको प्रगतिको विषय वार्षिक प्रगति प्रतिवेदनमा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था मिलाउने । यस्ता सन्धि संझौताहरु, अभिसन्धी तथा आलेखहरू **कानून न्याय तथा संसदीय मामीला मन्त्रालय र परराष्ट्र मन्त्रालयमा** संग्रहीत हुने व्यवस्था मिलाउने । |
| | **कार्यान्वयन अवस्था** |
| | **परराष्ट्र मन्त्रालय।**<br>परराष्ट्र मन्त्रालय सम्लग्न भएको सन्धी सम्झौताको प्रति अभिलेखका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने गरेको।<br>**कानून न्याय तथा संसदीय मामीला मन्त्रालय**<br>यस मन्त्रालयबाट मिति २०७७/१०/२७ गते परराष्ट्र मन्त्रालयमा परिपत्र गरिएको छ। |
| १२. | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**: जिल्लामा रहेका शिक्षा विकास तथा समन्वय इकाइसँग प्राविधिक र लेखा हेर्ने जनशक्ति र स्रोत साधनको कमी रहेको हुँदा बेरुजु फछ्र्यौटमा प्रगति हुन कठिनाई भएकोले विगतमा विद्यालय भवन निर्माण सम्बन्धी कार्यमा म.ले.प.बाट औंल्याइएका बेरुजुसँग सम्बन्धी कार्य प्रभावकारी बनाउन जिल्ला समन्वय समितिमार्फत सम्पादन हुने गरी आवश्यक प्रबन्ध मिलाउन **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट** जिल्ला |

| नि.नं. | ४८ औं बैठक निर्णयहरु |
|---|---|
| | समन्वय समितिसँग आवश्यक समन्वय र सञ्चारको व्यवस्था गरी चालु आर्थिक वर्षभित्र यस्तो बेरुजु फछ्र्यौट कार्य सम्पन्न गर्ने। |
| | **कार्यान्वयन अवस्था** |
| | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>जिल्ला समन्वय समितिको नाममा कायम रहेको बेरुजुलाई वर्गीकरण गरी बेरुजु फछ्र्यौट कार्यलाई अभियानको रुपमा सञ्चालन गरी उच्च प्राथमिकता दिने साथै सो कार्यमा सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रमुख कोष नियन्त्रकले समेत आवश्यक सहजीकरण हुन यस मन्त्रालयबाट २०८०।०१।१९ मा ५ बुँदे निर्देशन दिईएको। |
| १३. | **सबै मन्त्रालयल:** एकल विन्दु सेवा केन्द्रको निकायगत प्रतिनिधित्वले पूर्णता पाउन नसकेको र एकल विन्दु सेवा केन्द्रमा प्रतिनिधित्व गर्ने कर्मचारीलाई सम्बन्धित निकायबाट पर्याप्त अधिकार प्रत्यायोजन नभएकोले निर्णयका लागि सम्बन्धित निकायमा पठाउनु पर्ने वाध्यता अन्त्य गर्न एकल विन्दु सेवा केन्द्रमा खटिने कर्मचारीलाई **सबै मन्त्रालय**ले आवश्यक अधिकार प्रत्यायोजन सहित खटाउने। |
| | **कार्यान्वयन अवस्था** |
| | **उधोग वाणिज्य तथा आपूर्ति मन्त्रालय।**<br>-उद्योग विभागबाट समयसारिणी र जिम्मेवार निकाय समेत उल्लेख गरी कार्ययोजना तयार भएको।<br>-एकल बिन्दु सेवा केन्द्रका लागि विभिन्न निकायहरूबाट अधिकार प्रत्यायोजन हुनुपर्ने विषयहरू पहिचान गरी सम्बन्धित सबै निकायहरूलाई पत्राचार गरिएको।<br>**अर्थ मन्त्रालय।**<br>एकल विन्दु सेवा केन्द्रमा निकायगत प्रतिनिधित्वको लागि कामकाज गर्न कर्मचारी खटाइएको।<br>**गृह मन्त्रालय**<br>एकल बिन्दु सेवा केन्द्रमा कर्मचारी हाल सम्म अध्यागमन विभागकै दरबन्दीबाट पठाउने गरिएको, निर्देशक भने सोही कार्यालयको दरबन्दीमा रहेको भए तापनि तलबी प्रतिवेदन अध्यागमन विभागबाट पास हुने गरेको |
| १४. | • **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**: भूमिसुधार तथा मालपोत कार्यालयहरूमा लामो समयदेखि कर्मचारीमा विशेषज्ञताको अभावका कारण सेवा प्रवाहमा कठिनाई देखा परेकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट माग भए बमोजिम प्रशासन सेवाका कर्मचारी प्राथमिकताका साथ उपलब्ध गराउने, एउटै प्रकृतिको कार्य सम्पादन गर्न जिल्लास्तरमा मालपोत र नापी गरी दुईवटा कार्यालयहरू कायम रहेको हुँदा सेवाग्राहीहरूलाई थप कठिनाई हुने भएकोले सेवा प्रवाहलाई सरल,सहज,चुस्त र सेवाग्राहीमैत्री बनाउन भूमि व्यवस्था सम्बन्धी सेवा प्रवाह प्रणाली र सांगठनिक पुनर्संरचना गरी एकीकृत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने साथै दीर्घकालीन समाधानको लागि मन्त्रालयले **भूमि व्यवस्था सम्बन्धी** सेवा प्रवाह प्रणाली र सांगठनिक पुनर्संरचना सम्बन्धी बिस्तृत अध्ययन गरी **३ महिना** भित्र मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने। |
| | **कार्यान्वयन अवस्था** |
| | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले**<br>• प्रशासन सेवाका कर्मचारी प्राथमिकताका साथ उपलब्ध गराउने कार्य भैरहेको । |

| नि.नं. | ४८ औं बैठक निर्णयहरु |
|---|---|
| | • भूमि व्यवस्था, सहकारी तथा गरीवि निवारण मन्त्रालयमा साङ्गठनिक पूनर्संरचनाको लागि O & M समिति गठन भई यस मन्त्रालयबाट प्रतिनिधि तोकी पठाईएको। सांगठनिक पुनर्संरचनाको कार्य यथाशीघ्र सम्पन्न गर्न नि.से. ऐन, २०४९ को दफा ६क बमोजिम सम्बन्धित निकायबाट नै पहल हुनुपर्ने।<br>**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग कर्मचारी माग गरी व्यवस्थापन गरिएको। जग्गा प्रशासन सेवा संचालनका लागि २०८० चैत्र मसान्त सम्म एकीकृत जग्गा प्रशासन सेवा सम्बन्धी ऐनको मस्यौदा तयार गर्ने र २०८० माघ मसान्त सम्ममा नापी तथा मालपोत कार्यालयलाई एकीकृत गर्ने सम्बन्धी O & M survey गर्ने गरी वार्षिक कार्ययोजना तयार गरिएको। |
| १५. | **संचार तथा सूचना प्रविधि मन्त्रालयः** "डिजिटल नेपाल फ्रेमवर्क२०७६" को प्रभावकारी कार्यान्वयका लागि विभिन्न मन्त्रालयबीच समन्वय गर्न संचार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत डिजिटल नेपाल कार्यान्वयन इकाइ गठन गरी सो इकाइले फ्रेमवर्कका ८ वटा क्षेत्रसँग सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्यान्वयनलाई अगाडि बढाउने र **सम्बन्धित निकायहरुले** सक्रिय सहयोग उपलब्ध गराउने। |
| | **कार्यान्वयन अवस्था** |
| | **सूचना प्रविधि मन्त्रालय।**<br>डिजिटल नेपाल फ्रेमवर्क २०७६ को प्रभावकारी कार्यान्वयनका लागि इकाइ गठन नहुँदासम्म सो इकाइको कामकाज सम्पादन गर्नका लागि मन्त्रालयको सूचना प्रविधि महाशाखा प्रमुखको संयोजकत्वमा डिजिटल नेपाल कार्यान्वयन समितिको गठन भएको। |
| १६. | **राष्ट्रिय योजना आयोगः** संघ, प्रदेश र स्थानीय तहमा हुने विकास कार्यहरूमा, तहगत समन्वय गर्ने संरचनागत व्यवस्था नभएको हुँदा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को प्रभावकारी कार्यान्वयन गर्न र तीन तह बीचको समन्वय सहकार्य प्रबर्द्धन गर्नका लागि उपयुक्त संरचना (खाका) तयार गर्न **राष्ट्रिय योजना आयोगले** आवश्यक समन्वय गरी अध्ययन कार्य अघि बढाउने र सोको प्रतिवेदन **३ महिना भित्र** मन्त्रिपरिषदमा पेश गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **अर्थ मन्त्रालय ।**<br>बजेट विनियोजनमा दोहोरोपना नहोस भन्ने उद्देश्यले आ.व.२०७८/७९ को बजेट तर्जुमा अघि प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरूसँग अर्थ मन्त्रालयमा छलफल आयोजना गरिएको। |
| १७. | नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लि. मूलतः मालसामान ढुवानी गर्ने व्यवसायको लागि स्थापित संस्था हुँदा हुँदै सरकारी निकायहरूबाट समेत निजी ढुवानी व्यवसायीहरू मार्फत मालसामान ढुवानी गर्ने गरिएको हुँदा ढुवानीमा सरकारको लागत बढेको अवस्था छ। अतः मालवस्तुको छुट्टै बिमा गर्न नपर्ने भएकोले र हल्दिया/ कलकत्ता बन्दरगाहमा कम्पनीको भौतिक पूर्वाधार समेत रहेकोले ढुवानी लागत कम पर्न जाने हुँदा नेपाल सरकार र नेपाल सरकारको अधिकाँश स्वामित्वमा रहेका संस्थानहरूले आयात/ निर्यात गर्ने सामाग्रीहरू **नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लि.** मार्फत ढुवानी गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **उधोग वाणिज्य तथा आपूर्ति मन्त्रालय।**<br>नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लि. र भन्सार विभागको अभिलेख अनुसार सबै भन्दा बढी सामान आयात निर्यात गर्ने २० वटा निकायहरूसँग समन्वय बैठक बसेको। |

| नि.नं. | ४८ औं बैठक निर्णयहरु |
|---|---|
| १८. | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय:** निजामती सेवाको आर्थिक योजना तथा तथ्याङ्क सेवा भित्र रहेका दुईवटा समूह मध्ये आर्थिक योजना समूह संचालन नहुँदा जनशक्ति व्यवस्थापन र संस्थागत संस्मरण प्रभावकारी हुन नसकेको साथै सर्वोच्च अदालतले समेत २०७१/०९/०१ गते यो समूह क्रियाशील बनाउन दिएको आदेश कार्यान्वयन नभएको हुँदा सर्वोच्च अदालतको आदेश तथा नि. से. ऐन २०४९ समेतको आधारमा आर्थिक योजना समूहलाई पूर्ण क्रियाशील बनाउन **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले** स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले सम्पादन गर्ने तथ्याङ्कसम्बन्धी कार्यलाई समेत समन्वयात्मक ढङ्गबाट व्यवस्थापन गर्न **एक महिना भित्र** सङ्गठनात्मक प्रारुप सहित आवश्यक प्रक्रिया थालनी गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>नि.से.नि. ऐन, २०४९ को दफा ६क बमोजिम कार्यवोझ, कार्यप्रकृति र औचित्यताको आधारमा संगठन संरचना र दरवन्दी अर्थ मन्त्रालयको सहमती सहित सम्बन्धित निकायबाट तयार भै यस मन्त्रालयमा पेश गर्नु पर्ने व्यवस्था छ । सो अनुरुप हालसम्म प्रतिवेदन प्राप्त भै नसकेको अवस्था छ। |
| १९. | **राष्ट्रिय योजना आयोग:** नीति तथा योजना व्यवस्थापनलाई तथ्यपरक बनाई आधारभूत तथ्याङ्कीय सूचक तथा अन्य सूचनाहरूलाई व्यवस्थापन गर्न तयार गरिएको राष्ट्रिय तथ्यगत विवरण (NDP) को प्रभावकारी कार्यान्वयन नभएकोले नीति तथा योजना व्यवस्थापनलाई तथ्यपरक बनाई आधारभूत तथ्याङ्कीय सूचक तथा अन्य सूचनाहरूलाई व्यवस्थापन गर्न तयार गरिएको राष्ट्रिय तथ्यगत विवरण (NDP) लाई उपलब्धिमूलक बनाउन **राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा** सरोकारवाला मन्त्रालय तथा निकायसंग समन्वय गरी आवश्यक प्रक्रिया थालनी गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**<br>केन्द्रीय तथ्याङ्क विभागवाट कार्य भैरहेको। |
| २०. | **राष्ट्रिय योजना आयोग:** ब्रेन गेन सेन्टर (BGC) मा आवद्ध विज्ञहरूबाट नेपालले के-कसरी सेवा लिन सक्छ भन्ने विषयमा अन्तर मन्त्रालय/निकाय समन्वय, सहजीकरण, संस्थागत तथा प्रक्रियागत व्यवस्था हुन सके त्यसबाट राष्ट्र लाभान्वित हुने देखिएकोले के कति सेवा प्राप्त गर्ने भन्ने विषयमा अन्तर मन्त्रालय/निकाय समन्वय, सहजीकरण, संस्थागत तथा प्रक्रियागत व्यवस्था आदिको लागि आवश्यक ऐन-कानूनको संशोधन/तर्जुमा लगायतको विषयमा सिफारिश गर्न **राष्ट्रिय योजना आयोगका सदस्यको नेतृत्वमा** सम्बद्ध मन्त्रालयका प्रतिनिधिहरू र परराष्ट्र मन्त्रालयको प्रतिनिधि सदस्य सचिव रहेको एक कार्यदल गठन गर्ने, उक्त कार्यदलले **२ महिना भित्र** राष्ट्रिय योजना आयोगमा प्रतिवेदन पेश गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**<br>राष्ट्रिय योजना आयोगका तत्कालिन सदस्य डा. कृष्ण प्रसाद ओलीज्यूको नेतृत्वमा एक कार्यदल गठन भइ कार्य जारी रहेको।<br>**परराष्ट्र मन्त्रालय** |

| नि.नं. | ४८ औं बैठक निर्णयहरु |
|---|---|
| | •राष्ट्रिय योजना आयोगका पूर्व सदस्यज्यूको नेतृत्वमा गठित कार्यदलले प्रारम्भिक प्रतिवेदन तयार गरेको । यसकार्यलाई पूर्णता दिन राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा पुन: समिति गठन हुन आवश्यक देखिएको। |
| २१. | नियमित प्रतिवेदन मार्फत जवाफदेहिताको प्रवर्द्धन गर्न अधिकृत तहका कर्मचारीहरुले आफूले दैनिक सम्पादन गरेको कार्यको प्रतिवेदन सम्बन्धित सुपरिवेक्षक समक्ष र सचिवहरुले सम्पादित कार्यको प्रतिवेदन मूख्यसचिव समक्ष पेश गर्नु पर्ने अनिवार्य व्यवस्था गरी यी प्रतिवेदनहरुलाई सम्बद्ध कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनको आधार बनाउने साथै प्रचलित सुशासन ऐनमा व्यवस्था रहेको **केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिले** विकास निर्माण र सेवा प्रवाह सम्बन्धी कार्यमा प्रभावकारी समन्वय गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**<br>विकास निर्माण र सेवा प्रवाहसम्बन्धी कार्यमा प्रभावकारी समन्वयका लागि सुशासन ऐनमा व्यवस्था रहेको केन्द्रीय अनुगमन मूल्याङ्कन समितिको बैठक नियमित रुपमा बस्ने गरेको। हालै ६६ औं बैठक २०८०/०४/१४ गते बसेको।<br>**वन मन्त्रालय**<br>सुपरिवेक्षकलाई नियमित रुपमा दैनिक कार्यको रिपोर्टिङ्ग गर्ने गरिएको।<br>**सञ्चार तथा प्रविधि मन्त्रालय**<br>निरन्तररूपमा कार्य भैरहेको। |
| २२. | **सबै मन्त्रालयहरु:** संघ र प्रदेश सरकारका बजेट कार्यक्रममा दोहोरोपना आएको स्थितिले एकातिर स्रोतको अपचलन हुने र अर्कातिर अभाव हुने अवस्था नबनोस् भन्ने तर्फ सजग हुँदै संघीय सरकारका सबै मन्त्रालयहरुले बजेट तथा कार्यक्रम बारे प्रदेश र स्थानीय तहलाई यथा समयमा जानकारी गराउने र प्रदेश तथा स्थानीय तहले बजेट तर्जुमा गर्दा संघीय सरकारको बजेट तथा कार्यक्रम बारे यथासमयमा जानकारी प्राप्त गरी बजेट विनियोजनमा दोहोरोपना नहुने गरी बजेट कार्यक्रम तयार गर्ने व्यवस्था मिलाउने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **वन तथा वातावरण मन्त्रालय।**<br>•दोहोरोपना नहुने गरी कार्यक्रम तयार गर्न प्रदेश तथा स्थानिय तहसंग समन्वय गर्ने गरिएको ।<br>**अर्थ मन्त्रालय।**<br>• बजेट विनियोजनमा दोहोरोपना नहोस भन्ने उद्देश्यले आ.व. २०७९।८० को बजेट तर्जुमा अघि प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरूसँग अर्थ मन्त्रालयमा छलफल आयोजना गरिएको।<br>**ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय,**<br>सो सम्बन्धमा संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ अनुसार समन्वय गर्ने संयन्त्रको गठन प्रक्रियामा रहेको।<br>**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।**<br>कार्यक्रम कार्यन्वयनमा प्रदेश र स्थानीय तहको सहकार्य र साझेदारी सुनिश्चित गर्न कार्यविधि तयार गरी सशर्त अनुदान सम्बन्धित तहमा हस्तान्तरण गरिएको।<br>**युवा तथा खेलकूद मन्त्रालय।** |

| नि.नं. | ४८ औं बैठक निर्णयहरु |
|---|---|
| | संघ र प्रदेशको बजेट तथा कार्यक्रममा दोहोरोपना आउन नदिन मन्त्रालयको बजेट तथा कार्यक्रम स्वीकृत हुनसाथ सबैको जानकारीका लागि मन्त्रालयको वेभसाइटमा अपलोड गरिएको । **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।** -सामाजिक सुरक्षा, सामाजिक सहायता र सामाजिक संरक्षणको नीति एवं कार्यक्रमहरू विभिन्न निकायहरुवाट कार्यान्वयन हुँदा दोहोरोपना देखिएकोले समाधान स्रोत को उपयुक्त एवं औचित्यपूर्ण उपयोग हुने गरी त्यस्तो दोहोरोपना हटाउन राष्ट्रिय योजना आयोगले एकीकृत संयन्त्र वनाई कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने । |

## ४९ औं बैठकका निर्णयहरू कार्यान्वयन स्थिति

| सि.नं. | ४९ औं बैठकका निर्णयहरू |
|---|---|
| १. | अन्तर्राष्ट्रिय विकास सहायतामा सञ्चालित विकास कार्यक्रम, परियोजना तथा आयोजनाहरूमा लामो समयदेखि सोधभर्ना व्यवस्थापनको कार्य सम्बोधन हुन नसकेको, हिसाब मिलान तथा फछ्र्यौटमा सम्बन्धित मन्त्रालयहरूले समयमा नै सोधभर्ना माग नगरी ठूलो परिमाणको रकम सोधभर्ना हुन बाँकी रहेको देखिएकोले त्यस्तो सोधभर्नासम्बन्धी कार्य **२ (दुई) महिनाभित्र** सम्पन्न गर्न **राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा** सम्बन्धित मन्त्रालयको सचिव, महालेखा नियन्त्रक र तत् तत् परियोजना प्रमुख सदस्य रहने गरी समिति गठन गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय योजना आयोग** माननीय उपाध्यक्षज्यूको संयोजकत्वमा समिति गठन भई सोधभर्ना सम्बन्धी कार्यको प्रतिवेदन तयारी क्रममा रहेको। **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।** मन्त्रालय अन्तर्गतका आयोजनाहरुको २०८० जेठ मसान्तसम्मको खर्चको सम्पूर्ण रकम शोधभर्ना प्राप्त भएको। |
| २ | सरकारको लगानीमा सञ्चालित ३३ के.भी. विद्युत वितरण आयोजनाको लागि गर्नुपर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा चुरे संरक्षण क्षेत्रमा गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को प्रक्रिया अत्यन्तै झन्झटिलो र कठिन प्रकृतिको भएकोले आयोजना निर्माणमा समस्या देखिएको हुँदा सो समस्या समाधानका लागि अध्ययन गरी **२ (दुई) महिनाभित्र** प्रतिवेदन पेश गर्न **राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा** वन तथा वातावरण मन्त्रालय र उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयका सचिव सदस्य रहने गरी समिति गठन गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय योजना आयोग** माननीय सदस्य श्री सलोनी प्रधान सिंहज्यूको संयोजकत्वमा समिति गठन भई अध्ययन प्रतिवेदन तयार भएको। **उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय** राष्ट्रिय योजना आयोगबाट समिति गठन भई समाधान भइसकेको। **वन मन्त्रालय** राष्ट्रिय योजना आयोगका माननीय सदस्य सलोनी सिंह प्रधानज्यूको संयोजकत्वमा समिति गठन भई प्रतिवेदन पेश भई कार्यान्वयनमा गएको। |

| सि.नं. | ४९ औं बैठकका निर्णयहरू |
|---|---|
| ३ | सडक विस्तार, विद्युतीकरण, खानेपानी तथा ढलहरू विस्तार तथा मर्मतको क्रममा भूमिगत केवल तथा पोलहरूमा समेत क्षति हुने गरेकोले दूरसञ्चार सेवा अवरूद्ध हुनुका साथै सेवाको गुणस्तरमा ह्रास आउने गरेकोले राष्ट्रिय राजमार्ग, रणनीतिक महत्वका सडक, पुल, शहरी विकास लगायतका पूर्वाधार निर्माण तथा सोको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्दा नै दूरसञ्चारसम्बन्धी पूर्वाधार राख्न मिल्ने Duct तथा Utility Corridor को व्यवस्था गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव संयोजक तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र **राष्ट्रिय योजना आयोगका प्रतिनिधि सदस्य रहने** गरी एक समिति गठन गर्ने। समितिले **२ (दुई) महिना भित्र** नीति प्रस्ताव र कार्यान्वयनको कार्ययोजना तयार गर्ने । |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**<br>समिति गठन भई कार्ययोजनाको मस्यौदा तयार भएको।<br>**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**<br>विद्यमान राष्ट्रिय शहरी नीति, २०६४ लाई संघीय ढाँचा अनुकूल बनाउन तयार गरिएको मस्यौदा उपर बृहततर रुपमा अध्ययन र परामर्श, अन्तर्क्रिया गरी राष्ट्रिय शहरी नीति, २०७९ को स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश भएको तथा शहरी विकास ऐनको मस्यौदामा युटिलिटि करिडोरको छुट्टै परिच्छेद समावेश गरी कानून मन्त्रालयमा पेश गर्दा तहाँबाट राय समेत प्राप्त भएको अवस्थामा उक्त रायलाई समावेश गरी नेपाल सरकार (मन्त्रीपरिषद्मा) पेश गर्न तयारी गरेको।<br>**शहरी विकास मन्त्रालय**<br>शहरी विकास नीतिमा Utility Corridor समावेश गरिएको र हाल शहरी विकास नीतिको मस्यौदा तयार भई स्वीकृतिको लागि पेश भएको |
| ४ | • राष्ट्रिय राजमार्गहरूको रेखाङ्कन र सडक सीमा निर्धारण यथाशीघ्र गर्न र सडक सीमाको अन्यौलका कारण निर्माण कार्यमा देखिएको अवरोध हटाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जग्गा प्राप्ति ऐन, २०३४ र नेपाल सरकार मन्त्रिपरिषदबाट यसअघि भएका निर्णयहरूलाई समेत अध्ययन गरी आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सम्बद्ध आयोजना प्रमुख सदस्य रहने गरी एक कार्यदल बनाई उक्त समस्याको समाधानका लागि उपयुक्त विषय प्रस्ताव गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय योजना आयोग**<br>अध्ययन प्रतिवेदन तयार भएको।<br>**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।**<br>सडक सीमा सम्बन्धी प्रस्ताव प्रतिवेदन छलफलको लागी मन्त्रालयमा पेश भएकोमा मन्त्रालयको राय सुझाव सहित फाइल सडक विभाग पठाईएको।<br>**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।**<br>• राष्ट्रिय राजमार्गको रेखांकन गर्न माग भएको अवस्थामा रेखांकनको कार्य भैरहेको ।<br>• लागत कट्टा गर्न किटानीसाथ माग भएको अवस्थामा लगत कट्टाको कार्य भैरहेको । |

| सि.नं. | ४९ औं बैठकका निर्णयहरू |
|---|---|
| | • साथै अधिग्रहण गरिएको जग्गाको लगत कट्टा गरी जग्गाधनी दर्ता श्रेस्ता कायम भएपछि मुआव्जा वितरणको कार्य गर्न माननीय मन्त्रिस्तरको मिति २०७७/१२/११ को निर्णय भई कार्यन्वयन मा आइसकेको (उक्त बिषय सबै मन्त्रालय लाई पनि अनुरोध भैसकेको, च.नं.१२२० मिति २०७७/१२/१७ को **पत्रानुसार** ) |
| ५ | निर्माण सम्पन्न भएका पूर्वाधारहरुको नियमित मर्मत संभार गर्ने व्यवस्था नहुँदा त्यस्ता संरचनाहरुको दिगोपना तथा सञ्चालनमा समस्या रहेको हुँदा निर्माण सम्पन्न भएका पूर्वाधारहरुको नियमित मर्मत संभारका लागि सबै निकायहरुले वार्षिक रुपमा आवश्यक बजेटको व्यवस्था गर्ने। आगामी आ.व.को बजेट तर्जुमाका क्रममा यो विषय अनिवार्य रुपमा ग्रहण गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **भौतिक योजना मन्त्रालय**<br>राष्टिय राजमार्ग अन्तर्गत निर्माण भएका पुर्वाधारहरूको मर्मत संभारको व्यवस्थापन भइरहेको। अन्यको हकमा निर्माण कार्य सम्पन्न भएपछि सम्बन्धित निकायलाई हस्तान्तरण गर्नु उचित हुने।<br>**उर्जा मन्त्रालय**<br>यस आ.व.को बजेटमा सम्भाब्या रकम समावेश गरिएको ।<br>**युवा खेलकूद मन्त्रालय।**<br>आ.व २०७९/८० मा केन्द्र ,प्रदेश र जिल्ला स्तरका विभिन्न खेलमैदान तथा कभर्डहल मर्मत सम्भार शीर्षकमा रु १ करोड,लैनचौर परिसरमा स्तरोन्नति र निर्माण मर्मत कार्य शीर्षकमा रु २० लाख,दशरथ रंगशाला तथा परिषद्को कार्यालय परिसर मर्मत तथा अन्य मर्मत गर्ने शीर्षकमा रु १ करोड ४० लाख र हिटिङ्ग सिष्टम स्विमिङ्ग पुल तथा सातदोबाटो परिसर मर्मतका लागि रु ५० लाख व्यवस्था भएको।<br>**शहरी विकास मन्त्रालय**<br>शहरी सडकहरुको मर्मत अत्यावश्यक भइसकेको भए तापनि छुट्टै बजेट विनियोजन नभएको, आगामी आ.व.०८०/८१ को वजेटमा छुट्टै व.उ.शी.नं. सहित मर्मतका लागि वजेट विनियोजन हुनुपर्ने। |
| ६ | फोहोरमैला व्यवस्थापनमा प्रदेश तथा स्थानीय तहको समेत सहभागिता अभिवृद्धि गर्दै फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका उपाय सहितको प्रतिवेदन **३ (तीन) महिनाभित्र** पेश गर्न **राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा** सरोकारवाला मन्त्रालय तथा निकायका प्रतिनिधि सदस्य रहेको समिति गठन गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय योजना आयोग**<br>**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।**<br>माननीय सदस्य श्री दिल बहादुर गुरुङज्यूको संयोजकत्वमा समिति गठन भई प्रतिवेदनको मस्यौदा तयार भई अन्तिम रुप दिने क्रममा रहेको। |
| ७ | तीनै तहका सरकारका लागि विकासमा आवश्यक पर्ने जग्गा प्राप्तिलाई सहज बनाउन गर्नुपर्ने कार्यको उपयुक्त सुझाव सहितको प्रतिवेदन **३ (तीन) महिनाभित्र** पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका सचिवहरूसदस्य रहेको समिति गठन गर्ने। |

| सि.नं. | ४९ औं बैठकका निर्णयहरू |
| --- | --- |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय योजना आयोग**<br>**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।**<br>राष्ट्रिय योजना आयोगबाट प्रतिवेदन तयार भै सम्बन्धित मन्त्रालयमा आवश्यक कार्वाहीको लागि पेश भएको।<br>**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय।**<br>राष्ट्रिय योजना आयोगबाट गठित समितिले दिएको प्रतिवेदन समेतको आधारमा गृह मन्त्रालयमा यस सम्बन्धी ऐनको मस्यौदा भईरहेको जानकारी प्राप्त भएको। |
| ८. | संविधानको अनुसूचीमा उल्लेख भएको तथा नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार प्रदेश र स्थानीय तहमा भएको जिम्मेवारी हस्तान्तरण, संस्थागत संरचना र मानव संसाधन व्यवस्थापन गर्ने सम्बन्धमा अध्ययन गरी **३ (तीन) महिनाभित्र** प्रतिवेदन पेश गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य सरोकारवाला मन्त्रालयका सचिव र प्रदेश तथा स्थानीय तहका प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय योजना आयोग**<br>माननीय सदस्य डा. उमाशंकर प्रसादज्यूको संयोजकत्वमा समिति गठन भई अन्तिम प्रतिवेदन तयार भई कार्यान्वयनका लागि पेश भएको। |
| ९. | उच्च शिक्षाको नियमन तथा सञ्चालनमा देखिएको दोहोरोपना हटाउनका लागि आवश्यक कार्यढाँचा सहितको प्रतिवेदन **३(तीन) महिनाभित्र** पेश गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति, काठमाडौं विश्वविद्यालयका उपकुलपति, विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव र चिकित्सा शिक्षा आयोगका निर्देशक सदस्य रहने गरी एक समिति गठन गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय योजना आयोग**<br>माननीय सदस्य पुष्परमण वाग्ले (पिएच.डी.) ज्यूको संयोजकत्वमा समिति गठन भई उच्च शिक्षाको नियमन तथा सञ्चालन उपसमिति गठन भई प्रतिवेदन तयार भएको।<br>**शिक्षा मन्त्रालय**<br>राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको अध्यक्षतामा गठित समितिमा यस मन्त्रालयका उच्च शिक्षा महाशाखाका सहसचिवलाई सदस्य सचिव तोकी प्रतिवेदन तयार भई राष्ट्रिय योजना आयोगमा पेश भएको । |
| १० | विद्यालय शिक्षामा आशातीत उपलब्धि हासिल हुन नसकेको सन्दर्भमा विद्यालय सञ्चालनका लागि स्रोत साधनको उचित व्यवस्थापन, गुणस्तर अभिवृद्धि र प्रभावकारी सुपरीवेक्षणको व्यवस्था मिलाउन संविधानको अनुसूचीमा उल्लिखित अधिकार तथा नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन समेतको आधारमा उपयुक्त सुझाब सहितको प्रतिवेदन **२ (दुई) महिनाभित्र** पेश गर्न **राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा** शिक्षा, विज्ञान तथा प्रविधि |

| सि.नं. | ४९ औं बैठकका निर्णयहरू |
|---|---|
| | मन्त्रालयका सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, सम्बद्ध निकायका प्रतिनिधि, सरोकारवाला निकायहरूसमेतको प्रतिनिधित्व रहने गरी एक समिति गठन गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **शिक्षा मन्त्रालय**<br>राष्ट्रिय योजना आयोगको नेतृत्व र मन्त्रालयको सहभागितामा प्रतिवेदन तयार। |
| ११ | ब्रोडब्याण्ड गुरूयोजना (२०१६-२०२०) र सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले तोकेको लक्ष्य समयमा प्राप्त हुन नसकेको साथै ब्रोडब्याण्ड विस्तारको लागि सम्बद्ध निकायहरूबीच प्रभावकारी समन्वय नहुँदा कार्यान्वयनमा कठिनाई भईरहेकोले उक्त कार्यलाई समन्वय गर्न **राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको** संयोजकत्वमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भौतिक योजना तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिव सदस्य रहने गरी एक समिति गठन गर्ने। समितिले **२ (दुई) महिना भित्र** समन्वयको ढांचा सिफारीस गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय योजना आयोग।**<br>माननीय सदस्य सलोनी प्रधान सिंहज्यूको संयोजकत्वमा समिति गठन भई ब्रोडब्याण्ड बिस्तार सम्बन्धी उपसमिति गठन भई उपसमितिले समन्वयको ढाँचा सहितको मस्यौदा तयार गरेको।<br>**सूचना प्रविधि मन्त्रालय।**<br>उप समिति गठन भई उपसमितिले समन्वयको ढाँचासहितको प्रतिवेदन पेश गरेको। |
| १२ | विकासका क्रियाकलापमा जलवायु परिवर्तन र वातावरण संरक्षणका विषयहरूसम्बोधन गरी दीगो लाभ प्राप्त गर्न सम्बन्धित निकायहरुले सबै प्रकारका विकासका क्रियाकलापमा जलवायु परिवर्तन र वातावरण संरक्षणका विषयहरुलाई अभिन्न अंगका रुपमा समावेश गर्ने विषयलाई आगामी आ.व. देखिको बजेट तथा कार्यक्रममा अनिवार्य रुपमा समावेस गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: मन्त्रालय अन्तर्गतका विकासका क्रियाकलापहरुमा जलवायु परिवर्तन र वातावरण संरक्षणका विषयहरुलाई अभिन्न अङ्गका रुपमा समावेश गरिएको। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः प्रतिबद्धताका साथ कार्यान्वयन भइरहेको। युवा तथा खेलकूद मन्त्रालयः वातावरणीय प्रभाव मुल्याङ्कन गराई प्रतिवेदन प्राप्ति पश्चात्त मात्र निर्माण कार्य अघि बढाउने व्यवस्था तथा विभिन्न पुर्वाधारको डीपीआर तयारी क्रममा Landscaping, Open Area Space, Solar Energy, Rain Water harvesting, solid waste management का लागि Septic tank तथा Soak pit र Plantation Area इत्यादि संलग्न गर्न प्राथमिकतामा राखी कार्य गर्ने गरिएको। भौतिक योजना मन्त्रालयः वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावलीको, २०७७ बमोजिम विभाग अन्तर्गतका सडक, पुल, टनेल, फ्लाई ओवर लगायतको निर्माण, स्तरोन्नति तथा मर्मत संभार गर्दा EIA, IEE र BES गर्ने गरिएको र सोही वमोजिम Environmental and Social Management Framework (ESMF) लागु हुने गरेको। Wildlife-friendly Infrastructure Construction Directives, २०२२ जारी भई कार्यान्वयनमा रहेको। |

| सि.नं. | **४९ औं बैठकका निर्णयहरू** |
|---|---|
| १३ | • विद्युतीय भुक्तानीमा देखिएको समस्या समाधान गर्न **सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले** अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंकलगायत सम्बद्ध सबै निकायको समन्वयमा **३ (तीन) महिनाभित्र** नेसनल पेमेन्ट गेटवेको विकास गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय।**<br>• NPG सञ्चालन सम्बन्धी नीतिगत व्यवस्था गर्न सचिवज्यूको संयोजकत्वमा निर्देशक समिति गठन भएको।<br>• NPG सम्बन्धी बहुवर्षिय आयोजना स्वीकृत भएको तर अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितता भएकोमा हाल सहमति स्थगन। |
| १४ | लामो समयदेखि अन्तर्राष्ट्रिय डाँक लेखाको हिसाब मिलान नहुँदा मुलुक हुलाक सेवाको विश्वव्यापी पहुँचबाट बञ्चित हुँदै गइरहेकोले नेपाल सरकारले भुक्तानी दिनुपर्ने यथार्थ रकम यकीन गरी भुक्तानीसम्बन्धी प्रक्रिया अगाडि बढाउन **२ (दुई) महिनाभित्र** मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने गरी **सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको संयोजकत्वमा** अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रकको कार्यालय र हुलाक सेवा विभागका प्रतिनिधि रहने गरी एक समिति गठन गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय।**<br>नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार अर्थ मन्त्रालयबाट निकासा भई भुक्तानी भैसकेको। |
| १५ | आन्तरिक रोजगारी सिर्जनासम्बन्धी कार्यक्रमहरू विभिन्न मन्त्रालय तथा निकायहरूमा छरिएर रहेको कारण सोको सञ्चालन, व्यवस्थापन र नतिजा प्राप्तिमा देखिएको समस्या समाधानका लागि **राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा** सरोकारवाला मन्त्रालयको सचिव सदस्य रहने गरी एक समिति गठन गर्ने र सो समितिले **३ (तीन) महिनाभित्र** "रोजगारसम्बन्धी एकीकृत राष्ट्रिय प्रणाली" को ढाँचा सिफारिश गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।**<br>रोजगार सम्बन्धी एकीकृत राष्ट्रिय प्रणालीको ढाँचा तयार भएको।<br>यसै ढाँचामा आधारित रहि राष्ट्रिय रोजगार सूचना प्रणाली NEMIS बनाईंदै |
| १६. | तहगत सरकारको बेरूजु फछ्र्यौट कार्यमा सम्बन्धित निकायलाई जवाफदेही बनाउँदै स्थानीय तहको बेरूजू फछ्र्यौट गर्न जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय तह तथा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि रहेको बेरूजू फछ्र्यौट अनुगमन समिति र प्रदेशको हकमा सम्बन्धित प्रदेशको प्रमुख सचिवको संयोजकत्वमा आर्थिक मामिला मन्त्रालयको सचिव, सम्बन्धित मन्त्रालयका सचिव र प्रदेश लेखा नियन्त्रक रहेको बेरूजू फछ्र्यौट समिति गठन गरी बेरूजु फछ्र्यौट कार्यको अनुगमन गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।** |

| सि.नं. | ४९ औं बैठकका निर्णयहरू |
|---|---|
| | निर्णय अनुसार स्थानीय तहको बेरुजु फछ्र्यौटका लागि नीतिगत व्यवस्था गर्न बेरुजु फछ्र्यौट अनुगमन समिति गठनका लागि नेपाल सरकार मन्त्रिरपरिषद्मा प्रस्ताव गरिएको । हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधनमा समेत सोही बमोजिम समितिको प्रस्ताव गरिएको। |
| १७ | कोभिड-१९ को महामारी न्यूनीकरणका लागि निर्मित एवं निर्माणाधीन होल्डिङ्ग सेन्टर तथा हेल्थ डेस्कहरूको संरक्षण र उचित व्यवस्थापनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गृह मन्त्रालय तथा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMCC) संग समन्वय गरी ती संरचनाहरूजिल्ला प्रशासन कार्यालय मार्फत व्यवस्थापन तथा सञ्चालन हुने गरी कार्यविधि तर्जुमा गर्ने। उक्त कार्यविधि स्वीकृतिको लागि **१ (एक) महिना भित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले** नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **गृह मन्त्रालय।**<br>CCMC प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय लगायत सबै सम्बद्ध मन्त्रालयको समन्वयमा कोभिड -१९ नियन्त्रणका लागि कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी तत्कालको एकीकृत कार्ययोजना, २०७८ तयार गरी सबै निकायमा कार्यान्वयनका लागि पठाइएको<br>**स्वास्थ्य मन्त्रालय**<br>सम्बन्धित सबै निकायहरू सँग छलफल गरी कार्यविधि तयार गरी मन्त्रिपरिषदमा पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाईएको । |
| १८. | प्रदेश र स्थानीय तहमा आवश्यकता अनुसार कर्मचारीको पदपूर्ति एवं व्यवस्थापनमा देखिएको समस्याका कारणबाट प्रदेश र स्थानीय तहको कार्य सम्पादन एवं सेवा प्रवाहमा परेको असरको दिगो समाधानको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदेश र स्थानीय तहमा प्राविधिक तथा अन्य जनशक्तिको अभाव हुन नदिने, रिक्त पदमा पदपूर्ति एवं समयबद्ध सरूवा व्यवस्था तत्काल मिलाउने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।**<br>• सङ्घीय निजामती सेवा सम्वन्धी विधेयकको मस्यौदा तयार गरी राय परामर्शका लागि अर्थ र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको ।<br>• हाल प्रदेश लोकसेवा आयोग मार्फत प्रदेश र स्थानीय तहका स्वीकृत दरवन्दी भित्रका रिक्त पदपूर्ति सम्वन्धी कार्य भैरहेको ।<br>• **स्वास्थ्य मन्त्रालय।**<br>सम्बन्धित सबै निकायहरू सँग छलफल गरी कार्यविधि तयार गरिएको र मन्त्रिपरिषदमा पेश गर्न फाईल तयार भएको।<br>**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।**<br>-नेपाली सेनाबाट ७ स्थानमा होल्डिङ सेन्टरहरूनिर्माण भइसकेको ।<br>-होल्डिङ सेन्टर व्यवस्थापनको लागि यस कार्यालयका सहसचिवको संयोजकत्वमा गृह मन्त्रालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रतिनिधि सम्मिलित कार्यविधिको मस्यौदा तयार भएको। |
| १९. | • प्रदेश र स्थानीय तहबीच हुने राजश्व बाँडफाँटसम्बन्धी कार्य व्यवस्थित हुन नसक्दा स्रोत व्यवस्थापन र लेखाङ्कनमा समस्या देखिएकोले यसको समाधानका लागि राष्ट्रिय प्राकृतिक स्रोत |

| सि.नं. | ४९ औं बैठकका निर्णयहरू |
|---|---|
| | तथा वित्त आयोगले सम्बन्धित निकायहरुसँग समन्वय गरी व्यवस्थापन तथा लेखाङ्कनका लागि आवश्यक व्यवस्था मिलाउने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**<br>• आयोगको सिफारिस कार्यान्वयनको अवस्था अध्ययन गर्दा असार २१ पछि असार मसान्त सम्म संकलन भएको राजस्व र त्यस आर्थिक वर्षमा संकलन गरेको रोयल्टी अर्को आर्थिक वर्षमा प्रदेश र स्थानीय सरकारलाई बाडफाँड गरेको पाइएकोले संघीय विभाज्य कोषमा जम्मा भएको राजस्व तथा रोयल्टी सोहि आर्थिक वर्ष भित्र प्रदेश र स्थानीय सरकारलाई बाँडफाँट गर्न आयोगको तेश्रो बार्षिक प्रतिवेदन, २०७८ मार्फत सुझाव दिइएको छ।<br>• आयोगको सुझाव अनुरुप सोहि आर्थिक वर्ष भित्रमा राजस्व र रोयल्टी बाँडफाँड गर्ने व्यवस्था गर्नको लागि अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालय समेतका सरोकारवाला निकाय सँग छलफल समेत गरिएको। |
| २०. | संघबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका योजना तथा कार्यक्रमहरूसमयमै सम्पन्न हुन नसकी निरन्तर थप दायित्व वृद्धि भइरहेकोले यसको न्यूनीकरणका लागि त्यस्ता हस्तान्तरित विकास योजना तथा कार्यक्रम शीघ्र सम्पन्न गर्न **राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा** अर्थ मन्त्रालय, विषयगत मन्त्रालय र सम्बन्धित प्रदेशका प्रमुख सचिव तथा सम्बन्धित स्थानीय तहको प्रतिनिधि रहेको एक समिति गठन गरी **३ (तीन) महिना भित्र** सिफारीस गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय योजना आयोग।**<br>माननीय सदस्य डा. उमाशंकर प्रसादज्यूको संयोजकत्वमा समिति गठन भई अन्तिम प्रतिवेदन तयार भई कार्यान्वयनका लागि पेश भएको। |
| २१. | प्रदेशको राजधानी व्यवस्थापन तथा अन्य पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने जग्गाको उपयोगमा समस्या परिरहेकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**<br>आवश्यकता अनुसार जग्गा उपलब्ध गराउने कार्य भइरहेको |
| २२. | नेपालको संविधानको धारा ३५(४) ले "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" भनी मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। खानेपानी आयोजनाको निर्माण चरणमा उपभोक्ताहरूले १० देखि ३० प्रतिशतसम्म जनसहभागिता जनाउनु पर्ने मौजुदा प्रावधानले लामो समयदेखि सरकारको लगानीतर्फको काम सम्पन्न भई उपभोक्ताको जनसहभागिता (लागत र श्रम) बापत योगदान गर्नुपर्ने रकम उपभोक्ताबाट उठाउन/व्यहोर्न कठिन हुँदा आयोजना सम्पन्न हुन नसकेकोले हालको जनसहभागिता सम्बन्धी नीतिलाई पुनरावलोकन गरी आयोजना सम्पन्न गराउने। यसका लागि **राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको** |

| सि.नं. | ४९ औं बैठकका निर्णयहरू |
|---|---|
| | **संयोजकत्वमा** सम्बद्ध मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधि भएको समिति गठन गरी एक महिना भित्र उपयुक्त प्रावधान सिफारिस गर्ने। |
| | **निर्णय कार्यान्वयन अवस्था** |
| | **राष्ट्रिय योजना आयोग।**<br>माननीय सदस्य डा. दिल बहादुर गुरुङ्गज्यूको संयोजकत्वमा समिति गठन भई अन्तिम प्रतिवेदन तयार भई कार्यान्वयनका लागि पेश भएको।<br>**अर्थ मन्त्रालय।**<br>**खानेपानी मन्त्रालय।**<br>हालको जनसहभागिता सम्बन्धी नीतिलाई पुनरावलोकन गर्न र सो सम्बन्धमा उपयुक्त प्रावधान सिफारिस गर्न श्री राष्ट्रिय योजना आयोगका सदस्य मा. दिल बहादुर गुरुङ ज्यूको संयोजकत्वमा खानेपानी मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रतिनिधि, राष्ट्रिय योजना आयोगका प्रतिनिधि, अनुसन्धान तथा तहगत समन्वय महाशाखा (रा.यो.आ) सहसचिव तथा खानेपानी मन्त्रालयका सहसचिव सदस्य सचिव रहेको आठ सदस्यीय गठित समितिबाट प्रतिवेदन प्राप्त भई उक्त प्रतिवेदन निर्णयार्थ नेपाल सरकार (मन्त्रिपरिषद) मा पठाइएकोमा यस सम्बन्धी स्वीकृत नीतिहरू कुन तहमार्फत स्वीकृत भएको हो सोको सम्पूर्ण विवरण माग भएको र उक्त विवरण मन्त्रालयमा उपलब्ध नभएको। जनश्रमदानको पुनरावलोकन सहित खानेपानी सरसफाइ तथा स्वच्छता नीति २०८० स्वीकृतिको लागि मन्त्रिपरिषदमा पठाईएको छ । |

## ५० औं बैठक निर्णयहरू कार्यान्वयन स्थिति

| नि. नं. | ५०औं बैठक निर्णयहरू |
|---|---|
| १. | नौबस्ता औद्योगिक क्षेत्र, मोतिपुर औद्योगिक क्षेत्र, कृषि फारम चन्द्रडाँगी, ज्येष्ठ नागरिक भवन गोठाटार लगायतका विभिन्न सरकारी जग्गाहरुमा अव्यवस्थित बसोबासीहरुबाट अतिक्रमण भएको हुँदा अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गरी सरकारी जग्गालाई तोकिएको काममा नै उपयोग हुने व्यवस्था **३ महिनाभित्र** मिलाउनेगरी **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीको संयोजकत्वमा** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग), कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि) र गृह मन्त्रालयका सचिव सदस्य रहने समिति गठन गर्ने। |
| | **कार्यान्वयन स्थिति** |
| | **कृषि तथा पशुपन्छी विकास मन्त्रालय**<br>कृषितर्फ मस्यौदा प्रतिवेदन तयार भएको।<br>**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**<br>समिति गठन भइ बसेको बैठकमा छलफल भएको। |
| २. | जग्गा प्राप्ति ऐन, २०३४ को दफा ५ को उपदफा (२) बमोजिम जग्गा प्राप्तिको प्रारम्भिक कारवाही चलाउन कम्तिमा अधिकृतस्तरको कर्मचारीलाई नेपाल सरकारले आदेश दिन सक्ने |

| | |
|---|---|
| | व्यवस्था रहेकोमा त्यस्तो आदेश सम्बन्धित मन्त्रालयले नै दिन सक्ने गरी आवश्यक कानुन संशोधनको लागि **गृह मन्त्रालयले एक महिनाभित्र** प्रस्ताव तयार गरी पेश गर्ने। |
| | **कार्यान्वयन स्थिति** |
| | कानून संशोधनको लागि विधेयकको मस्यौदा तयार गरी छलफलको चरणमा रहेको । |
| ३. | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) का आधारमा आयोजना निर्माण गर्ने क्रममा रुख कटानको साविकमा भएको स्वीकृत संख्यामा घटी/बढी रहेकोमा घटी हुँदा पनि पुरक EIA गर्नुपर्ने व्यवस्थाले गर्दा काममा ढिलाई भएकोले त्यस्तो कार्यमा सहजीकरण गर्ने गरी विद्यमान वातावरण संरक्षण ऐन तथा नियमावलीमा संशोधन गर्न **वन तथा वातावरण मन्त्रालयले दुई महिनाभित्र** प्रक्रिया अघि बढाउने। |
| | **कार्यान्वयन स्थिति** |
| | **वन तथा वातावरण मन्त्रालय**<br>रुख कटान सङ्ख्या घटवढ हुदाँ पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नुपर्ने व्यवस्था वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७ मा नरहेको कारण रुख सङ्ख्या घटवढ भएकै आधारमा कुनै पनि आयोजनाले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नु नपर्ने। रुख सङ्ख्या घटेको वा बढेकोमा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ को उपनियम (६) बमोजिम सम्बन्धित निकायले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा रहेको वातावरणीय व्यवस्थापन योजना (EMP) परिमार्जन गर्न स्वीकृति दिन सक्ने व्यवस्था रहेको । |
| ४. | आयोजनाहरु निर्माणको लागि वन क्षेत्र प्रयोग गरे वापत नियमानुसार वृक्षारोपण गर्नका निमित्त निकुञ्ज र संरक्षण क्षेत्र नजिक जग्गा प्राप्त नभएमा अन्यत्र पनि वृक्षारोपण गर्न सकिने गरी वन ऐनमा संशोधन गर्ने प्रक्रिया वन तथा **वातावरण मन्त्रालयले दुई महिनाभित्र** अगाडि बढाउने। |
| | **कार्यान्वयन स्थिति** |
| | **वन तथा वातावरण मन्त्रालय**<br>प्रारम्भिक छलफल भएको । |
| ५. | नेपाल सरकारले सञ्चालन गर्ने पूर्वाधार निर्माणका आयोजनाहरुमा परेको राष्ट्रिय वनक्षेत्रको जग्गाको सोधभर्ना स्वरुप वन विकास कोषमा रकम जम्मा गर्दा आयोजनाको लागत बढ्न गएकोले काटिएका रुखहरुको बदलामा बिरुवा रोप्ने र हुर्काउने बाहेक आयोजनाले प्रयोग गरेको क्षेत्रफल बराबरको जग्गा सट्टाभर्नाको लागि वन विकास कोषमा रकम जम्मा गर्ने कानुनी व्यवस्था संशोधनको लागि **वन तथा वातावरण मन्त्रालयले दुई महिनाभित्र** प्रस्ताव पेश गर्ने। |
| | **कार्यान्वयन स्थिति** |
| | **वन तथा वातावरण मन्त्रालय**<br>केही नेपाल ऐन संशोधन विधेयकमा समावेश भई पेश भएकोमा सो विधेयक संसदमा छलफलकै क्रममा रहेको । |
| ६. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पुनर्संरचना नहुँदा सङ्घ र प्रदेशको कार्यक्षेत्रमा अन्यौल रहेको हुँदा नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरण प्रतिवेदन बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका प्राविधिक शिक्षालयहरु प्रदेश सरकारबाट सञ्चालन गर्ने गरी हस्तान्तरण गर्ने र परिषद्ले पाठ्यक्रम तथा मानदण्ड निर्धारण, अनुमति, नियमन र सीप प्रमाणीकरण लगायत कार्य गर्ने गरी आवश्यक कानुन संशोधनको प्रक्रिया **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दुई महिनाभित्र** सम्पन्न गर्ने। |
| | **कार्यान्वयन स्थिति** |

| | |
|---|---|
| | **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**<br>विधेयकको मस्यौदा सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको। राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रमेशचन्द्र पौडेलको अध्यक्षतामा मिति २०८०/०३/२७ मा उच्चस्तरीय कार्य टोली समेत गठन गरिएको । |
| ७. | संविधानतः आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा रहेको तर हालसम्म पनि विद्यालयका स्थायी शिक्षकहरु स्थानीय तहमा समायोजन हुन नसकेकोले विद्यालय शिक्षक दरबन्दी वितरणमा सन्तुलन कायम हुने गरी शिक्षा, **विज्ञान तथा प्रविधि मन्त्रालयले एक महिनाभित्र** कार्ययोजना तयार गरी शिक्षक समायोजनको प्रक्रिया अगाडि बढाउने। |
| | **कार्यान्वयन स्थिति** |
| ८. | सङ्घीयता लागू भए पश्चात, हाल अस्तित्वमा नरहेका जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला जनस्वास्थ्य कार्यालय जस्ता निकायहरुका साथै सङ्घीयता कार्यान्वयनपछि प्रदेश र स्थानीय तहका नाममा कायम भएको असुल उपर हुनुपर्ने तर हालसम्म असुल हुन नसकेका बेरुजुको हकमा **बेरुजु फछ्र्यौट अनुगमन समितिले** केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न लेखी पठाउने र नियमित गर्ने लगायत अन्य बेरुजुको हकमा समितिले फछ्र्यौटसम्बन्धी प्रक्रिया पूरा गरी सम्परीक्षणकालागि **एक वर्षभित्र** सिफारिश गर्ने काम सम्पन्न गर्ने। |
| | **कार्यान्वयन स्थिति** |
| | प्रस्तावित ऐनमा सम्बोधन गरिएको । |
| ९. | विगतका वर्षहरुमा रसायनिक मलको आपूर्ति समयमै हुन नसकेकोले अन्तर्राष्ट्रिय दर र राष्ट्रिय मागको आधारमा आपूर्ति गर्नको लागि समयमै आवश्यक परिमाण खरिद गर्न अग्रिम श्रोत सुनिश्चितता गर्ने, अन्तर्राष्ट्रिय बजारमा कायम भएको मूल्यको आधारमा आवश्यकतानुसार मित्र राष्ट्रका सरकारहरुसंग जी टु जी प्रक्रियाबाट रसायनिक मलको खरिद गर्ने प्रबन्ध **कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत** मिलाउने। |
| | यस सम्बन्धमा रासायनिक मलको आपूर्ति समयमै गर्नको लगि आ.व. २०८०/८१ को कार्तिक महिनासम्मको लागि चालु आ.व मा नै अर्थमन्त्रालयबाट श्रोत सुनिश्चितता भए अनुसार रु. १५ अर्ब २३ करोड रकमको २ लाख ६० हजार मे.टन रासायनिक मल खरीदको लगि टेन्डर आह्वान भइसकेको। |
| | **अप्रात** |
| १०. | महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन (CEDAW) लगायत नेपाल सरकार पक्ष भएको अन्तर्राष्ट्रिय अभिसन्धिहरुको आधारमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा नियमित प्रतिवेदन पेश गर्नु पर्ने तर स्थानीय तह र प्रदेश तहबाट नियमित रुपमा तथ्याङ्क तथा प्रतिवेदन प्राप्त नहुँदा नेपालपक्ष भएको सबै अन्तर्राष्ट्रिय सन्धिहरुको कार्यान्वयन अवस्थाको विवरणहरु सबै तहका सरकारका निकायहरुले सन्धि कार्यान्वयनको मुख्य सरोकारवाला निकायमा नियमितरुपमा प्रतिवेदन गर्ने र यस्तो प्रतिवेदन पठाउनको लागि सम्बन्धित **मन्त्रालयहरुले सबै तह र निकायहरुलाई एक महिना भित्र** जानकारी गराउने र सोको नियमित अनुगमनसमेत गर्ने। यसैगरी सङ्घीय नियामकहरुका लागि आवश्यक पर्ने सबै प्रकारका सूचना तथा तथ्याङ्कहरुका लागि राष्ट्रिय तथ्याङ्क विवरण (National Data Portal) प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने। |
| | **अप्रात** |
| | **प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विगतमा भएका कार्यहरु** |

| | |
|---|---|
| | • Online Portal यस कार्यालयको website, www.cbs.gov.np मा तयार भै विविध पक्षहरूसम्बद्ध ४०० सूचकहरूराष्ट्रिय तथ्यगत विवरणमा समावेश गरिएको।<br>• Data Entry प्रयोजनको लागि १७ ओटा संघीय निकायहरू र ७५३ ओटा स्थानीय तहहरुलाई User Name and password तयार गरी उपलब्ध गराइएको।<br>**चालू आ.व. २०७९/८० मा भएका कार्यहरु**<br>• राष्ट्रिय जनगणना, २०७८ को नतिजा सार्वजनिक भएपछि हाल राष्ट्रिय जनगणना, २०७८ को नतिजाहरूराष्ट्रिय तथ्याङ्क विवरणको पोर्टलमा प्रविष्टि गर्ने कार्य सम्पन्न।<br>**कृषि मन्त्रालय**<br>• यस सम्बन्धमा मिति २०८०/१/१७ गते मन्त्रालय मातहतका निकायहरुमा पत्राचार गरिएको।<br>• वन तथा वातावरण मन्त्रालय<br>• सो प्रकारका सूचना तथा तथ्यांकहरुको संकलन तथा व्यवस्थापनका लागि आवश्यकता अनुसार विभिन्न समयमा सम्वन्धित FOCAL Person हरुसंग समन्वय गर्ने गरेको ।<br>• वार्षिक रुपमा प्रगति समिक्षा गर्ने गरेको।<br>**खानेपानी मन्त्रालय**<br>• प्रत्यक्ष सम्बन्धित नरहेको ।<br>• खानेपानी तथा सरसफाइको सेवा नपुगेको समुदायहरूको पहिचान तथा विद्यालयस्तरको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी स्थानीय स्तरमा NWASH-MIS को प्रयोग गरी खानेपानी तथा सरसफाइ प्रणालीहरूको तथ्याङ्क संकलन गर्ने र सोही आधारमा स्थानीय तहहरूको Wash Plan तयार गर्ने कार्य भईरहेको।<br>**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।**<br>• लैंगिक सम्पर्क व्यक्ति तोकि सम्बन्धित मन्त्रालयसँग समन्वय गर्ने गरेको,<br>• महिला विरुद्ध हुने सबै प्रकारको उन्मूलन (CEDAW) लगायतका अन्य अभिसन्धिको आवधिक प्रतिवेदन तयार गर्न विवरण उपलब्ध गराउने गरिएको,<br>• यस मन्त्रालयको कार्यक्षेत्रका विषयमा नियमित प्रतिवेदन गर्ने गरिएको,<br>• आ.व.२०७९/८० को तथ्याङ्क एवं सूचनाहरू२०८० श्रावण मसान्त भित्र राष्ट्रिय तथ्यगत विवरण (National Data Profile) मा प्रविष्ट गर्ने व्यवस्था मिलाइएको।<br>**महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय।**<br>• राष्ट्रिय तथ्याङ्क विवरण(National Data Portal) को प्रभावकारी कार्यान्वयनमा लैजानका लागि मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयहरुमा तथ्याङ्क प्रविष्टिको कामको शुरुवात भएको।<br>**शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय**<br>• आवश्यकता अनुसार प्रतिवेदनका कार्य भैरहेको<br>**सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>• निर्णय कार्यान्वयन तथा नियमित प्रतिवेदनका लागि सवै स्थानीय तहलाई पत्राचार गरिएको<br>• नेपाल सरकार पक्ष भएका अन्तर्राष्ट्रिय अभिसन्धिहरुको आधारमा पेश गर्नुपर्ने प्रतिवेदनका लागि National Data Portal प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन पत्राचार गरिएको ।<br>**भौतिक योजना मन्त्रालय**<br>नेपाल सरकार पक्ष भएका अन्तर्राष्ट्रिय अभिसन्धिहरुको आधारमा पेश गर्नुपर्ने प्रतिवेदनका लागि National Data Portal प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन पत्राचार गरिएको । |

| | |
|---|---|
| ११. | वैदेशिक रोजगारमा जानुपूर्व गरिने स्वास्थ्य परीक्षण कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सूचिकृत निजी क्लिनिकहरूबाट हुँदै आएको र बेला-बेलामा स्वास्थ्य परीक्षणको गुणस्तरीयतामा प्रश्न उठ्ने गरेको तथा वैदेशिक रोजगारमा गएका कामदारहरू कार्यस्थलमा हुने स्वास्थ्य परीक्षणमा कैफियत आई कामै नगरी फिर्ता आउनुपर्ने अवस्था समेत रहेको हुँदा नेपाल सरकारबाट स्वीकृति प्राप्त अस्पतालबाट वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने गरी **श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा **दुई महिनाभित्र** आवश्यक व्यवस्था गर्ने। |
| | **कार्यान्वयन स्थिति** |
| | **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**<br>यस सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग छलफल भएको।<br>यसमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशिका बनाई काम गरेकोमा यो विषय वैदेशिक रोजगार ऐन बमोजिम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको क्षेत्राधिकार भएकोले समस्या समाधान भएको। |
| १२. | देशभरी छरिएर रहेका एम्बुलेन्स सेवाहरूएकीकृत प्रणालीमा आबद्ध हुन नसक्दा सेवा प्रवाह प्रभावकारी नभएकोले देशै भरिका सबै निकाय एवं संस्थाहरूबाट सञ्चालित एम्बुलेन्सहरूलाई एकीकृत रुपमा सञ्चालन गर्न **राष्ट्रिय योजना आयोगका स्वास्थ्य क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि सदस्य रहने समितिले अध्ययन गरी **तीन महिनाभित्र** कार्यान्वयन गराउन आवश्यक व्यवस्था मिलाउने। |
| | **कार्यान्वयन स्थिति** |
| | **राष्ट्रिय योजना आयोग**<br>**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय।**<br>१०२ नं. को टेलिफोन स्वामित्व लिएको । ६ वटा प्रदेशमा (कोशी प्रदेश बाहेक) कार्यान्वयनमा आएको ।<br>**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय।**<br>राष्ट्रिय योजना आयोगको संयोजकत्वमा गठित समितिमा यस मन्त्रालयबाट प्रतिनिधि तोकिएको।<br>**सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>यस मन्त्रालयको तर्फबाट प्रतिनिधि तोकिएको । |
| १३. | सार्वजनिक खरिद नियमावली, २०६४ को बाह्रौं संशोधनले निर्माण व्यवसायीले अधिकतम पाँचवटा ठेक्का मात्र लिन पाउने सीमा तोकेपश्चात कतिपय साना कार्यमा बोलपत्र पर्न छाडेको हुँदा निर्माण व्यवसायीले ठेक्का लिन पाउने सीमा टेण्डर मूल्यको आधारमा गर्ने वा संख्या सीमा बढाउने वा भौतिक संरचना (आयोजना) को किसिम बमोजिम संख्या सीमा तोक्ने लगायतका अन्य समसामयिक विषय समावेश गरी नियम संशोधन गर्ने विषयमा **सार्वजनिक खरीद अनुगमन कार्यालयले** अध्ययन गरी **२ महिनाभित्र** प्रस्ताव गर्ने। |
| | **कार्यान्वयन स्थिति** |
| | **सार्वजनिक खरीद अनुगमन कार्यालय**विवरण सङ्कलन भईरहेको, प्रस्ताव तयार गरी पेश नभएको। |
| १४. | बचत तथा ऋण सहकारी संस्थाहरुको प्रभावकारी नियमनको लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल राष्ट्र बैङ्कसँग समन्वय गरी **दुई महिनाभित्र** दोश्रो तहको नियामक निकाय स्थापना गर्न कानुनी व्यवस्था प्रस्ताव गर्ने। |

| | |
|---|---|
| | **कार्यान्वयन स्थिति** |
| | **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>निर्णय कार्यान्वयन गर्न समन्वयका लागि लेखी आए पश्चात मन्त्रालयको तर्फबाट समन्वय गरिने |
| १५. | शिक्षकको अवकाश कोष भुक्तानी सम्बन्धी समस्या समाधान गर्न अर्थ मन्त्रालयले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र अन्य सम्बद्ध निकायसँग समन्वय गरी अवकाशपश्चात एकमुष्ट रकम पाउने गरी **दुई महिनाभित्र** कानुनी व्यवस्थाको प्रस्ताव गर्ने। |
| | **कार्यान्वयन स्थिति** |
| | प्रस्तावित विद्यालय शिक्षा सम्बन्धी बिधेयकमा यो व्यवस्था समावेश भएको। |
| १६. | काठमाडौ तराई मधेश द्रुतमार्ग अन्तर्गत खोकना बुङ्गमति क्षेत्रमा अधिग्रहण भएको जग्गा विवादको समस्या समाधान गर्ने प्रस्ताव तीन महिनाभित्र पेश गर्न **प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका आर्थिक पूर्वाधार हेर्ने सचिवको संयोजकत्वमा** भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, रक्षा मन्त्रालय तथा गृह मन्त्रालयका सचिव र नेपाली सेनाका सो आयोजना हेर्ने रथी सदस्य रहेको एक समिति गठन गर्ने। |
| | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**<br>• नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०८०/०१/०५ गतेको निर्णयबाट माननीय उपप्रधानमन्त्री एवम् रक्षा मन्त्रीको संयोजकत्वमा समिति गठन भई सो अन्तर्गत उप-समिति र सडक विभाग, संभार महाशाखाका उप-निर्देशकको संयोजकत्वमा कार्यदल गठन भई परामर्शदाताबाट द्रुतमार्गको शुरु बिन्दु तथा Traffic Dispersion को लागि पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन पेश भएको<br>• Detail Feasibility Study को लागि Research and Training Unit (RTU), Pulchowk Campus संग प्रस्ताव माग गरिएको।<br>**रक्षा मन्त्रालय**<br>• नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०१।०५ को निर्णयानुसार माननीय उपप्रधानमन्त्री एवम् रक्षा मन्त्रीको संयोजकत्वमा द्रुतमार्ग अन्तर्गत खोकना इलाकाको जग्गा प्राप्ति सम्बन्धी समस्या समाधान गर्न समिति गठन भई कार्य भइरहेको,<br>• नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम माननीय उपप्रधानमन्त्री एवम् रक्षा मन्त्रीस्तरीय समिति गठन भई कार्यरत रहेकोले प्रधानमन्त्री तथा मं.प. कार्यालयका सचिवको संयोजकत्वमा छुट्टै समिति क्रियाशिल नरहेको । |
| १७. | प्रदेश र स्थानीय तहका भौतिक पूर्वाधारका आयोजना/कार्यक्रमहरुमा अति न्यून बजेट हुने, कतिपय अनुपयुक्त विनियोजन, स-साना कार्यक्रम, दोहोरोपना जस्ता प्रवृत्तिले भौतिक निर्माण नतिजामूलक हुन नसकेको, साथै तीन तहका सरकारको खर्चको मापदण्डमा समेत एकरुपता ल्याउन आवश्यक देखिएकोले आयोजनाको वर्गीकरणसम्बन्धी मापदण्डको काम यथाशीघ्र सम्पन्न गरी कार्य विस्तृतीकरण प्रतिवेदनसमेतका आधारमा सबै तह र मन्त्रालयहरुले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने र आयोजना प्राथमिकीकरणलाई बजेट प्रस्ताव गर्दा अनिवार्य गर्ने; साथै **अर्थ मन्त्रालयले** तीनै तहका लागि कार्यान्वयन हुने गरी खर्चको मापदण्ड निर्माण गर्ने। |
| | **कार्यान्वयन स्थिति** |
| | **अर्थ मन्त्रालय**<br>दोहोरोपना र अस्पष्टता हटाउन राष्ट्रिय समन्वय परिषद्को मिति २०८०/३/१६ को निर्णयले विभिन्न समितिहरूगठन भई काम भईरहेको। |

| | |
|---|---|
| | **कृषि मन्त्रालय**<br>निर्णय भए अनुसार नै आगामी आ.व २०८०/८१ को लागि कार्यक्रमहरूप्रस्ताव गरिएको।<br>**वन तथा वातावरण मन्त्रालय**<br>अर्थ मन्त्रालयको निर्देशन वमोजिम काम गर्ने गरेको ।<br>**युवा खेलकूद मन्त्रालय**<br>आयोजना वर्गिकरण सम्बन्धी मापदण्ड निर्माण नभएको।<br>**खानेपानी मन्त्रालय।**<br>आ.व. २०८०।८१ को वार्षिक कार्यक्रम सुधार गर्दै मन्त्रालयलाई खानेपानी तथा सरसफाइ ऐन २०७९ ले दिएको जिम्मेवारी तथा आयोजना बर्गिकरण सम्बन्धी मापदण्ड बमोजिम संघीय मापदण्डमा नपरेका आयोजनाहरू सम्बन्धित तहबाटै कार्यान्वयन गर्ने गरी आयोजनाहरू प्रविष्ट भएको। मन्त्रालय अन्तर्गतको सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रममा समावेश करिव १८०० आयोजनाहरूमध्ये करिव ११०० आयोजनाहरू प्रदेश तहबाटै कार्यान्वयन गर्ने गरी हस्तान्तरण भएको । खानेपानी मन्त्रालयले आफ्नो मातहत निकायहरूलाई सम्बन्धित तहहरूसँग समन्वय गरी आयोजनाहरू दोहोरोपन भए-नभएको यकिन गरेर मात्र आयोजना कार्यान्वयन गर्न निर्देशन गरेको र सो अनुसार आयोजनाहरूमा दोहोरोपन हुन नदिन प्रयासहरू भईरहेको।<br>**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**<br>• प्रधानमन्त्री रोजगार कार्यक्रम (पहिलो संशोधन) निर्देशिका २०७७,<br>• युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०७९<br>• रोजगार प्रवर्द्धन कार्यक्रम २०७९/८० को मार्गदर्शन,<br>• वैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुका लागि पुन: एकीकरण परियोजना पहिलो चरण २०७९/८० को मार्गदर्शन, तर्जमा गरिएको।<br>**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।**<br>• वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आयोजनाहरुको प्राथमिकीकरण गर्ने गरिएको। साथै मापदण्ड निर्माणका लागि प्रतिनिधित्वका लागि माग भई आए पश्चात प्रतिनिधि तोकिने ।<br>• निर्णय कार्यान्वयन तथा नियमित प्रतिवेदनका लागि सवै स्थानीय तहलाई पत्राचार गरिएको।<br>**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।**<br>• तीनै तहको सरकारको क्षेत्र बर्गीकरणको कार्य भईरहेको ।<br>• सडक विभाग मातहतको राष्ट्रिय राजमार्गहरुको गुरुयोजना *ADB* को सहयोगमा तयार भईरहेको । अबको ८ महिनामा उक्त कार्यको प्रतिवेदन प्राप्त हुने। सो प्रतिवेदनले राष्ट्रिय राजमार्गमा अबको १० बर्षको लगानी योजना तयार गर्ने । |
| १८. | प्रदेश र स्थानीय तहमा पर्याप्त जनशक्ति नहुँदा काम गर्न कठिनाई भएकोले प्रदेश तथा स्थानीय तहका लागि सङ्घबाट खटाइएका कर्मचारीलाई कम्तिमा एक वर्ष खटाइएको स्थानमै रहनु पर्ने व्यवस्था **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले** मिलाउने। |
| | **कार्यान्वयन स्थिति** |
| | **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>माननीय मन्त्रीस्तरीय निर्णयानुसार गठित सरुवा व्यवस्थापन कार्यदलबाट प्रतिवेदन प्राप्त भई सोही प्रतिवेदन बमोजिम सरुवा व्यवस्थापन गर्न शुरु गरिएको । |
| १९. | नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) उत्खनन गर्ने विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय हुन नसक्दा विकास निर्माणमा समस्या आएकोले सो विषयमा मापदण्ड तोक्ने तथा उपयुक्त कानुन बनाउने काम प्रदेशले गर्ने, ठेक्का लगाउने काम सम्बन्धित स्थानीय तहबाट हुने एवम् प्राप्त राजस्व |

| | |
|---|---|
| | स्पष्टरुपमा बाँडफाँट गर्ने गरी कानुनी व्यवस्था गर्न आवश्यक कानुन संशोधनको प्रस्ताव **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले** अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समेत समन्वय गरी **दुई महिनाभित्र** गर्ने। |
| | **कार्यान्वयन स्थिति** |
| | **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>निर्माणजन्य सामग्रीको व्यवस्थापन तथा नियमन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गरिएको । |
| २०. | सङ्घीय सरकारले स्थानीय तहमा हस्तान्तरण गर्ने सशर्त अनुदानको लागि निश्चित आयोजना वा कार्यक्रम नतोकी हासिल गर्नुपर्ने नतिजा सूचक तथा क्षेत्र तोकी विनियोजन गर्ने र आयोजना/कार्यक्रमको छनौट सम्बन्धित स्थानीय तहले नै गर्ने गरी **अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले** आवश्यक व्यवस्था मिलाउने। |
| | **कार्यान्वयन स्थिति** |
| | अप्राप्त |
| २१. | जिल्लाभित्र सञ्चालित सबै किसिमका विकास निर्माण/कार्यक्रमहरुको जिल्ला सभाले नियमितरुपमा त्रैमासिक समीक्षा गरी सोको प्रतिवेदन जिल्ला समन्वय समितिको आधिकारिक वेभसाईटमार्फत सार्वजनिकीकरण गर्ने व्यवस्था **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तीन महिनाभित्र** मिलाउने। |
| | **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>जिल्ला समन्वय समितिलाई पत्राचार गरिएको। समीक्षाको लागि समेत वजेट विनियोजन हुने गरेको । |
| २२ | सङ्घ तथा प्रदेश तहमा रहेका विश्वविद्यालयहरु तथा उच्च शिक्षा प्रदायक संस्थाहरुको आवश्यकता अनुसार गाभ्ने/गाभिने, समायोजन, शैक्षिक कार्यक्रमको पुनसंरचना तथा पाठ्यक्रम अद्यावधिक, शैक्षिक क्यालेण्डरको व्यवस्थापन लगायतका समसामयिक सुधारको मार्गचित्र **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालय अनुदान आयोगले तीन महिनाभित्र** पेश गर्ने। |
| | **कार्यान्वयन स्थिति** |
| | प्रस्तावित ऐनमा सम्बोधन गरिएको। त्रिविविले क्याम्पस गाभ्ने सम्बन्धी प्रक्रिया सुरु गरेको। एकीकृत क्यालेन्डरको मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको। |
| २३. | नागरिकले समयमै राहदानी पाउने व्यवस्था सुनिश्चित गर्न नयाँ खरिद प्रक्रियाअन्तर्गत राहदानी किताव खरिद गर्दा आपूर्ति हुने अवधिसम्म सो किताव अभाव वा नपुग हुने अवस्था भएमा त्यस्तो नपुग हुन आउने संख्याको राहदानी कितावको अन्तरिम व्यवस्थापन समयमै गर्न **परराष्ट्र मन्त्रालयलाई** निर्देशन दिने। |
| | **कार्यान्वयन स्थिति** |
| | मिति २०८०/०३/१२ को मन्त्रिपरिषद्को निर्णयानुसार आइडेमिया कम्पनीसँग भेरिएसन आदेशबाट थप २८ लाख राहदानी खरिद गर्ने निर्णय भई कम्पनीसँग संशोधन सम्झौता सम्पन्न भएको। आगामी ५ बर्षका लागि आवश्यक पर्ने राहदानी खरिद गर्न प्रक्रिया अगाडि बढाइएको। |